**प्रदेश सभा**

**गण्डकी प्रदेश**

# छैटौ अधिवेशन

**(उन्तिसौं बैठक)**

**कार्यबाहीको सम्पूर्ण विवरण**

**मिति : २०७७०३।०९ गते**

**माननीय सभामुख**

माननीय सदस्यहरू, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू सर्वप्रथम माननीय आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङले मिति २०७७ साल असार ७ गते सभामा प्रस्तुत गर्नुभएको विनियोजन विधेयक २०७७ माथिको बाँकी छलफल प्रारम्भ हुन्छ । माननीय सदस्यहरू यस छलफलमा विधेयकको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायधिवक्ताको कार्यलय र प्रदेश नीति तथा योजना आयोगसँग सम्बन्धित विभिन्न शीर्षकहरूमा छलफल हुने व्यहोरा अनुरोध गर्दछु । उक्त छलफलमा बोल्न चाहानु हुने प्रत्येक माननीय सदस्यहरूलाई ७ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र आफ्नो भनाई राख्न अनुरोध गर्दछु। सर्वप्रथम मानननीय सदस्य श्री गायत्री गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु त्यसपछी माननीय सदस्य श्री रोशन गाहा मगर।

**माननीय सदस्य श्री गायत्री गुरुङ :-** माननीय सभामुखज्यू, आज हामी आर्थिक मामिला तथा योजनमन्त्री माननीय किरण गुरुङले प्रस्तुत गर्नुभएको यो विनियोजित विधेयक २०७७ माथि छलफलको क्रममा छौं । हामीले हिजोबाट यो छलफललाई अगाडि बढाई राखेका छौं र खासगरी आज हामीले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय तथा आर्थिक

मामिला तथा योजना मन्त्रालय भौतिक पुर्वाधार विकास मन्त्रालय,प्रदेश लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यलय र प्रदेश नीति तथा योजना आयोगसँग सम्बन्धित रहेर हामी छलफलको क्रममा जुटिराखेका छौं । कोभिड-१९ को माहामारी छ । माननीय मन्त्रीज्यूहरूले अत्यन्तै मेहनतका साथ यो विधेयक प्रस्तुत गर्नुभाको छ । हृदयदेखि नै म माननीय मन्त्रीज्यूलाई म धन्यवाद दिन चाहन्छु । हामी यो संघीयताको पहिलो अभ्यासमा छौं । यो संघीयताको अभ्यास गरिरहदा खेरि हामी ७ वटा प्रदेशमध्ये हामी यो प्रदेशलाई एउटा अब्बल प्रदेश बनाउने भन्ने एउटा उद्देश्यमा लागिराखेका छौं । यो प्रदेशका जनतालाई सुखी बनाउने उद्देश्यका साथ यो प्रदेशलाई एउटा समृद्ध बनाउने उद्देश्यका साथ हामी लागिराखेका छौं । त्यसकारणले गर्दा खेरी मलाई लाग्छ प्रदेश सरकार एकताबद्ध हुँदै सबै माननीय सदस्यहरूको सुझावहरूलाई गोलबन्द गर्दै यो महान अभियान यो महान उद्देश्यलाई चुम्न सफल हुनुहुने छ भन्ने म हार्दिक शुभकामना दिन चाहन्छु । मलाई लाग्छ हामीले हाम्रो प्रदेशको स्थापना गरी रहँदा हामीले हाम्रो प्रदेश सभाको अभ्यास गरिरहँदा हामी प्रदेश सभामा सदस्य भएर उभिई रहँदा हामी पहिलो वर्ष देखि नै मलाई लाग्छ यो हाम्रो संरचना केही थिएन । हामीले संरचना निर्माण गर्‍यौं । हामीसँग नीति थिएन हामीले नीति निर्माण गर्‍यौं । यसै गरी हाम्रो नाम थिएन प्रदेशको हामीले प्रदेशको न्वारन गरेर हामीले गण्डकी प्रदेश पनि नामाकरण गर्‍यौं । यसै गरी हामीसँग राजधानी कसलाई बनाउने भन्ने थियो राजधानी पनि हामीले तोक्यौं । खासगरी हामीले प्रतिपक्ष भनेनौं, सत्तापक्ष भनेनौं हामी एकदम वृहत घनिभूत छलफल गर्दै हामी एकमना एकताका साथ हामीले हाम्रो प्रदेशको नाम टुङ्ग्यायौं । राजधानी टुङ्ग्यायौं र हाम्रा नीतिहरू, ऐनहरू कार्यक्रमहरु बनाएर हामी अगाडि बढिराखेका सन्दर्भ मलाई लाग्छ । प्रदेश सरकारको एउटै मात्र लक्ष्य कसरी चाँहि प्रदेशलाई राम्रो बनाउने भन्ने छ । मलाई लाग्छ प्रदेशका मुख्यमन्त्री लगायत मन्त्रीज्यूहरूको मैले नियतमा खास त्यस्तो खराब देखेको छैन । मन सफा छ, यसकारणले गर्दा कतै कमिकमजोरी भयो अन्जानवस भने पनि सायद मलाई लाग्छ यो सुधार्न सक्ने पाटाहरु पनि छन् कि जस्तो मलाई लाग्छ । अब हामी यो छलफलतिर जाऔं । यो भनिरहँदा खेरी हामी मुख्यमन्त्रीको कार्यको सन्दर्भमा हामीले छलफल गर्दा म केही आफ्नो भनाइहरू राख्न चाहन्छु । पक्कै पनि नेतृत्व भनेको त्यस्तो हो, जसले चाँहि सबै क्षमताहरुको केन्द्रिकरण गरेर अभिव्यक्ति गर्छ । मुख्यमन्त्री कार्यलय पनि त्यही हो । हाम्रो मुख्यमन्त्री यो हाम्रो प्रदेशको लिडर हो । मुख्य नेता हो । त्यसकारणले गर्दा खेरी हाम्रो कामको संस्थागत बोल्ने कुरा समस्याहरूलाई केन्दिकरण गर्ने र वृहत छलफल गरेर हाम्रा योजनाहरू अथवा नीतिहरू जनताहरूको बीचमा प्रभाह गर्ने कुराहरू ११ वटै जिल्लाका समन्वय समितिहरुलाई समन्वय गरेर हाम्रो यो सफलता यो भयो, कमजोरी यो भयो, हामी यसरी जाँदैछौं, हामीले प्रदेशलाई एउटा समृद्ध बनाउन यस्तो खालको नीति बनाएका छौं भन्ने लगायतका थुप्रै कुराहरू व्यवस्थापन गर्नको निम्त मुख्यमन्त्री कार्यलयलाई जुन विनियोजीत गरेको छ बजेट यो सकरात्मक छ र यो ठीक छ भन्ने मलाई लाग्छ र आर्थिक मामिला तथा योजना मन्त्रालयको सन्दर्भमा हामीले हाम्रो प्रदेशको सन्दर्भमा यो बजेटको सिद्धान्त र प्राथमिकतामा पनि हामीले छलफल गर्‍यौं । हामीले हाम्रा नीति तथा कार्यक्रमहरूका सन्दर्भमा पनि धेरै छलफल गरेर मलाई लाग्छ धेरैनै हामीले यस्तो खालको छलफल गर्‍यौं जुन हामीलाई प्रशस्तै थियो त्यो हिसाबले छलफल गरेर त्यही आधारमा

राम्रो पास गरेर **हामी** राम्रो नीति कार्यक्रम हाम्रो प्रदेश बजेटको सिद्धान्त र प्राथमिकता छलफल गरेर आउँदा खेरी त्यही **आधारमा** बजेटहरू **विनियोजित** भएको छ त्यसले गर्दा मलाई आर्थिक मामिला तथा योजना **मन्त्रालयको सम्वन्धमा** पनि यो ठीक छ नै भन्ने लागेको छ । भौतिक पूर्वाधारको सन्दर्भमा **रणनितिक** महत्वका सडकहरू एक निर्वाचन क्षेत्र एक सडक आधारभूत खानेपानी एक घर एक धारा सिँचाइका कार्यक्रमहरू जो विनियोजित भाको छ मलाई लाग्छ यहाँ विनियोजित हुने सन्दर्भमा सबै माननीयहरूको भावनालाई पनि समेटिएको छ जस्तो मलाई लाग्छ समग्रतामा यसकारणले **गर्दा खेरी** यसमा मेरो त्यस्तो केही भन्नु छैन । यसले गर्दा हामीले जुन उद्देश्य चुनेका छौं समृद्ध बनाउने समृद्धभित्र **हाम्रा** के के विषयहरू पर्छन् भन्ने कुरा भौतिक पूर्वाधार मन्त्रालयले के के गर्नुपर्छ भन्ने **कुरा समग्रमा** त्यो विषयलाई किटान गरेर त्यही हिसाबले बजेट विनियोजित भाको छ यसकारणले गर्दा मेरो **यहाँ** पनि समर्थन छ **र अहिले** हाम्रो यो नीति तथा योजना आयोगको कार्यक्रममा यो चाँहि सन्तोषजनक ढङ्गले नै अगाडि बढेको छ । यसमा मेरो उहाँहरूलाई आयोग प्रति मेरो **त्यस्तो केही** गुनासो पनि छैन । उहाँहरूले हामीले जुन उद्देश्य बोकेको छ सरकारले जुन उद्देश्य बोकेको छ त्यसलाई उहाँहरूले राम्रैसँग अगाडि बढाई राख्नु **भएको** छ र समग्रमा यसमा हाम्रो दल मेरो **पुर्ण** समर्थन **भएको** जानकारी गराउन चाहन्छु र मलाई अस्ति पनि मैले भने छलफलको सन्दर्भमा हाम्रो सुझाव दिँदा **कार्यान्वयन** अलिकति फितलो भयो कार्यन्वयन किन फितलो भयो भन्ने कुरा **ठोस** गर्नुपर्छ अब सम्बन्धित मन्त्रालयको नेतृत्व गर्ने मन्त्रीको समस्या छ भने **त्यहाँ ठोस** गर्नुपर्छ, कर्मचारीको हो भने कर्मचारीको **ठोस** गर्नुपर्छ अथवा मौजुता ऐन कानूनको समस्या हो भने त्यहाँ पनि हामीले हेर्नुपर्छ जस्तो मलाई लाग्छ र खासगरी यो **रणनितिक महत्वका योजनाहरु** कतै छुटेकी जस्तो मलाई महशुस भाछ त्यसलाई अलिकति सम्बोधन गर्ने कुरामा पनि अबका दिनमा ख्याल गर्नुपर्छ जस्तो लाग्छ । पहुँचको आधारमा योजना विन्यास भए भन्ने कुरामा मैले सुनेको छु यो भाको हो भने यसलाई पनि करेक्सन गर्नुपर्छ भन्ने मलाई लाग्छ र समानुपातिक वितरण गर्ने **सन्दर्भमा** कहि हाम्रो कमजोरी भा छ भने त्यसलाई पनि हामीले सुधारेर **जानुपर्छ भन्ने** जस्तो लाग्छ। समग्रमा **मेरो** यो **जुन विनियोजित** विधेयक छ**।** यसको पूर्ण समर्थन गर्दै मेरो मन्तव्य यही अन्त्य गर्न चाहन्छु हस् त धन्यवाद **,**नमस्कार !

## माननीय सभामुखः-

माननीय **सदस्य** श्री रोशनगाहा मगरलाई छलफलमा भाग लिन समय दिन्छु **।** त्यसपछी माननीय सदस्य श्री विन्दु कुमार थापा।

## माननीय सदस्य श्री रोशन गाहा मगर :-

माननीय सभामुखज्यू, गण्डकी प्रदेश सरकारले विनियोजन विधेयक २०७७ माथीको छलफलमा हामी छलफलमा जारी छौं । मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यलय, आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नीति तथा योजना

आयोग, प्रदेश लोकसेवा आयोग र मुख्य न्यायाधिवक्ताको कार्यलय विभिन्न शीर्षक माथि हामी छलफलमा छौं । सर्वप्रथम यो चालु आर्थिक वर्षको निम्ति गण्डकी प्रदेशको सरकारले ल्याएको नीति तथा कार्यक्रम र बजेट मेरो तर्फबाट र मेरो दलको तर्फबाट समर्थन छ र विषय र प्रसङ्गले, शीर्षकले अर्को अर्थ नलाग्ने गरी अहिले विश्व माहामारी कोरोना भाइरसको कोभिड-१९ को कारणले गर्दा नवलपुर जिल्लाको चारवटा नगरपालिका,चारवटा गाउँपालिका क्वारेन्टाइनमा रहनु भएका दाजुभाइ, दिदीबहिनीहरूको पिसिआर स्वप टेष्टका निम्ति हामीले राजधानी पोखरा पठाएकाछौ र विविध कारणले ढिलासुस्ती भएको छ । यसमा म दुःखी छु । कि नवलपुरलाई काठमाण्डौं **टेकुबाट** बाग्मती प्रदेशको भरतपुर भनेर तोकिदिनु पर्‍यो । कि प्रदेश नं. ५ को **वुटवल** हो भनेर तोकिदिनु पर्‍यो । त्यो समय **अवधिभित्र** आएको अन्य जिल्लाको टेष्ट रिपोर्ट समयमै जाने नवलपुरको लामो समयसम्म महिनादिनसम्म २८/२९ दिनसम्म त्यसको रिपोर्ट नपुग्दा हामी दुःखी छौं र अहिले आइस्यूलेसन प्राकृतिक चिकित्सालय अस्पताल **रजहर** देवचुली नगरपालिकामा १०० वेड भन्दा माथि बनाइएको छ र त्यहाँ सुरक्षा कर्मीको निम्ति चाहिने आवश्यक सुरक्षा सामाग्रीहरूको पनि व्यवस्था गरियोस् र टेष्टको निम्ति जुन रिपोर्ट पठाइन्छ अब यहाँबाट स्वास्थ्य मन्त्रालय र स्वास्थ्य विभागको कार्यविधि पनि अलि फरकफरक भएको कुरा मैले देखेको छु । यसलाई समन्वय गरेर लाने कुरामा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशालयले यसको व्यवस्थापन गर्न जरुरी छ र हामी यो प्रदेशको जिल्लामा रहेको हुनाले हामी गर्व गर्छौं तर त्यो सम्बन्धित निकायबाट कहिलेकाहि त्यो खालको ढिलासुस्ती र त्यो खालको विभेद गर्दा मनमा दुःख पर्छ । यो दुःखलाई अबका दिनमा नहुने हिसाबले सम्बन्धित निकायबाट सम्वन्धित ठाउँबाट र सम्बन्धित मन्त्रालयबाट यसको व्यवस्था होस् । म यो विषय र प्रसङ्गले आर्को अर्थ नलाग्ने गरी मैले यो अहिले सभामुख मार्फत मैल गण्डकी प्रदेश सरकारलाई अनुरोध गरें र हामी यो ६ वटा आयोग र मन्त्रालयको बीचमा छलफलमा छौं । मुख्यमन्त्री र **मन्त्रिपरिषद** मुख्यमन्त्रीबाट हेलो मुख्यमन्त्री कार्यक्रम सहित प्रत्यक्ष जनतासँग कुराकानी गरेर जनताको समस्यालाई स्वयं आफैंले प्रदेश सरकारको प्रमुखसँग कुराकानी गरेर त्यो समस्यालाई समाधान गर्ने कुराको एउटा महत्वपूर्ण यो प्रदेश सरकारले मुख्यमन्त्रीको कार्यलयबाट यो धेरै राम्रो छ । आर्को निर्वाचन क्षेत्रमा मुख्यमन्त्री वातावरण कृषिको सन्दर्भमा पनि यसले राम्रो किसानको हितको निम्ति किसानका निम्ति यसले राम्रो काम गरेको छ । अन्य मन्त्रालयहरूलाई पनि समन्वयका आधारमा मन्त्रालयहरू सञ्चालन गर्नका निम्ति र यो प्रदेशलाई एउटा विकासको गतिमा अगाडि बढाउनको निम्ति त्यो

भूमिका मुख्यमन्त्रालय **मन्त्रिपरिषदबाट** गरेको छ भन्ने कुरा मलाई लागेको छ । व्यवहारले पनि त्यो देखेको छ । यो आर्थिक मामिला तथा योजना मन्त्रालयमा अहिले आएको बजेट अहिलेको यो माहामारी कोरोना भाइरसले गर्दा पनि हामीलाई धेरै आर्थिक हिसाबबाट साँघुरो बनाएको छ तैपनि यो समस्या बाबजुद पनि आर्थिक मामिला मन्त्रीज्यूले ल्याउनु भाको छ यो धेरै राम्रो छ । यसलाई **आन्तरिक** राजस्वलाई पनि वृद्धि गर्ने कुराको योजनाहरू अझै गम्भिरतापूर्वक ल्याउनु पर्ने र **विपद राहत** कोषलाई अझै वृद्धि गर्नुपर्ने बर्खा पनि लाग्यो आपत विपत पर्दा यो प्रदेशका निम्ति यो विपत राहत कोषलाई अझै वृद्धि गर्नुपर्ने यो गण्डकी प्रदेशभित्र रहेको नगरपालिका, महानगरपालिका, गाउँपालिकाहरूमा ७२/७२ बालुवा गिट्टी **ढुङ्गाहरुको** पनि ठेक्का **पट्टा** भएको छैन । यो हुनुपर्ने जरुरी छ । यो आउने स्रोतको बारेमा हामीले पहिचान गर्नु जरुरी छ र अन्तमा पहुँचको आधारमा योजनाहरू छनोट हुनु भएन प्राथमिकताको आधारमा, आवश्यकता महशुस गरेर गर्ने र हामीले गर्व पनि गर्नुपर्छ । हामी अहिले संघीयको संरचनामा संघीयताको व्यवस्थामा हामी आएका छौं र अहिलेको यो संघीयताको व्यवस्थामा हामीले निर्वाचित होस् या समानुपातिकका **सवै माननीयहरुको** आ-आफ्नो ठाउँमा धेरै थोरै रकमहरू योजनाहरू समावेश भएको छ । सायद हामीले यो संघीय व्यवस्था नल्याएको भए आज हामीले तपाईंको घरको बाटो, तपाईंको जिल्लाको बाटो तापाईंको निर्वाचनको तपाईं बसेको **टोलको** योजना बनाउनको निम्ति आज हामी केन्द्रिय संघको माननीयज्यूहरूसँग लौ न म पनि काठमाडौं आको छु दुईचारवटा फाइल लिएर मलाई गेट पास पठाइदिनु भनेर **तपाई** हामी सिंहदरबारको गेटमा गएर मेरो नाम आयो कि आएन भनेर **त्यो** स्क्रीनमा हेरेर बस्नु पर्ने **परिस्थिति** हुन्थ्यो तर आज हामी यो संघीय संरचनाको कारणले तपाईं हामी माननीय हुन पाएका छौं । हामी समितिका सभापति हुन पाएका छौं हामी मन्त्री हुन पाएका छौं । प्रमुख सचेतक हामी बन्न पाएका छौं मुख्यमन्त्री बन्न पाएका छौं त्यसो भएको हुनाले यो **प्रदेशको** विकासको निम्ति यो प्रदेशलाई उन्नतिको प्रगतिको अब्बल दर्जाको बनाउनको निम्ति जुन बजेट अर्थमन्त्री र यो गण्डकी प्रदेशको सरकारले ल्याएको छ यसको निम्ति धन्यवाद दिँदै समर्थन गर्दै मेरो भनाइलाई अन्त्य गर्दै म यहाँहरूसँग विदा हुन चाहन्छु, धन्यवाद !

## माननीय सभामुख:-

माननीय **सदस्य** श्री विन्दुकुमार थापालाई छलफलमा भाग लिन समय दिन्छु । **त्यसपछी माननीय सदस्य श्री खिम विक्रम शाहि ।**

## माननीय सदस्य श्री विन्दु कुमार थापा :-

माननीय सभामुख **महोदय**, आज हामी यो विनियोजन विधेयक २०७७ माथि छलफलमा जुटेका छौं । **आ.व.** ०७७/०७८ को जुन रातो किताब र त्यसपछि आएको सेतो किताब अध्ययन गर्दा कोरोनाको विशेष परिस्थितिमा आएको यो बजेट परम्परागत सोच र मानसिकतामा मात्रै होइन आगामी चुनावमा प्रतिपक्ष विनाको नेकपा सरकार बनाउने लक्ष्यका साथ आएको देखिन्छ । त्यसमा पनि प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसलाई सिध्याउने नामो निसान नराख्ने गरी आएको छ । यो जनताको बजेट होइन नेकपा पार्टीको पार्टीमुखी अथवा निर्वाचनमुखी दस्तावेज हो भन्ने मलाई लाग्छ । यसपालिको बजेटमा **विपक्षी** दलका माननीयहरूको मनोबल घटाउने गरी **तेजोवद** गर्ने गरी भूमिका विहिन हुने गरी ल्याइएको छ **र** विशेष **गरेर** केही पावर र पहुँच भएका कर्मचारी साविक एमालेका वडा अध्यक्ष कार्यकर्ताहरू र केही संघका सांसदहरूको मिलोमतोमा यो अहिलेको बजेट आएको हामीले पाएका छौं । म यो किन पनि भनिराखेको छु भने यसपाली मेरो व्यक्तिगत कुरा गर्नुपर्दा खेरी दलको तर्फबाट सयुक्त रूपमा बाहेक व्यक्तिगत रूपमा **कुनै पनि मन्त्रीकोमा** बजेट माग्न पनि गइन र म धन्यवाद दिन चाहन्छु । पर्यटन मन्त्रीज्यूलाई उहाँले २/४ वटा योजना तपाईंको पहिला पनि परेन अहिले पनि २/४ वटा छ् भने ल्याउनुस् न भन्नु भो म उहाँलाई धन्यवाद दिन चाहन्छु **तर** यो रातो किताब सेतो किताब मैले टिपाएको पर्यटन मन्त्रीको सचिवज्यूलाई र पर्यटनमन्त्रीज्यूलाई टिपाएको कुनै पनि मैले देखेको छैन । यसपछि फेरि अर्को रातो किताब र सेतो किताब **पछि** फेरि अर्को पहेलो किताब आउछ भने त्यो चाँहि हेर्नलाई बाँकी नै छ । म सभामुखज्यूको अनुमतिले केही बुँदाहरू माथि प्रस्ट हुन चाहन्छु ।

- पेज नं. ८९ को क्रम संख्या २ मा सार्वजनिक विद्युतीय सवारी साधन **प्रयोगमा** प्रोत्साहन दिन १० करोड छुट्याइएको छ भनिएको छ । जब कि हाम्रो यो प्रदेशको बजेट आउनु भन्दा १५ दिन अगाडि अथवा यो जेठको १५ गते संघको बजेट आएको थियो । संघको बजेट आउँदा खेरी यो विद्युतीय सवारी साधनलाई साधनको आयातमा पहिला भन्सार ४० प्रतिशत मात्र थियो **भने अहिले ४० लाई** बढाएर ८० प्रतिशतसम्म भन्सार पुऱ्याइएको छ **र यो** अन्तशुल्क पहिला कत्ति पनि थिएन । अहिले चाँहि अन्तशुल्कलाई ४० बाट ८० सम्म पुऱ्याइएको छ । यसल **गर्दा** प्रतिगाडीमा यो विद्युतीय **सवारी** साधनमा ४५ लाख रूपैयाँ पहिलाको मूल्य भन्दा

आहिलेको मूल्य बढी पर्ने हुन्छ त्यसकारण विद्युतीय सवारी साधन संघीय सरकारले त्यसलाई निरुत्साही गर्ने खालको पोलिसीको विपरित यो १० करोड छुट्याइएको हो भन्ने मलाई लाग्छ । त्यो तर्फ सरकारको ध्यान जानुपर्छ भन्ने कुरा म औल्याउन चाहन्छु । अर्को नं. बुँदामा माननीय प्रदेश प्रमुख **अमिक** शेरचनद्वारा प्रस्तुत २०७७/०७८ को नीति तथा कार्यक्रमको पेज नं. ३८ को क्रम संख्या १४० मा र आर्थिक मामिला मन्त्री माननीय किरण गुरुङज्यूको २०७७/०७८ को बजेट वक्तव्यको पेज १६ को क्रमसंख्या १०९ मा पोखरा ९ बसपार्कलाई व्यवस्तित गरी स्तर उन्नति गर्ने र पोखरा ३२ लामेआहालमा प्रदेश स्तरीय बसपार्क पोखरा महानगरको सहकार्यमा निर्माण कार्य **प्रारम्भ** गर्ने भनिएको थियो **तर** अहिले मैले २०७७/०७८ को रातो किताब र सेतो किताब दुईटै **मै** हेरें यो विषयमा कहि कतै मैले देखिन पाइन । सायद त्यो **अझै** मेरो नजर दुई पटक हेर्दा पनि नपुगेको हो भने मन्त्रीज्यूले यसको जवाफ दिनुहुनेछ भन्ने मैले आशा राखेको छु । अर्को कुरा अहिले जनताहरूलाई विकास निर्माण भन्दा पनि विकास निर्माण चाहिएको छैन अहिले जनताहरूलाई कसरी बच्ने र बचाउने भन्ने तर्फ जनताहरूको अपेक्षा रहेको छ । व्यवस्थित **क्वारेन्टाइन**, सुरक्षित **क्वारेन्टाइन,** आइस्यूलेसन कक्ष, सुविधा सम्पन्न यो कोरोना विशेष अस्पताल **र** यो पिसिआर टेष्टको दायरा फराकिलो बनाउने र यसको **टेष्टको** रिपोर्ट पनि यथासिघ्र छिटो आओस् भन्ने चाहिराखेका छन् जनताहरूले । यसको लागि यो सरकारको कोषमा ३३ करोड ३ लाख रहेको छ । केही समय अगाडि मुख्यमन्त्रीज्यूले ७ करोड मात्र खर्च भयो अरू बाँकी छ भन्नु भाको छ । यो पिसिआर टेष्टको दायरा फराकिलो गर्ने यसको रिपोर्ट छिटो आउने कुराहरू र आइस्यूलेसनलाई व्यवस्थित **गर्ने** कुराहरूमा यो बाँकी पैसा खर्च गरेर जनताहरूलाई छिटो भन्दा छिटो राहत दिने तर्फ र व्यवसायिहरू पनि अहिले ठूलो संकटमा परिराखेको छ । सबै उद्योग व्यवसायहरू ठप्प छ यसलाई आर्थिक राहत प्याकेज जबकी अरू अरू देशले पनि ल्याइराखेको छ । यो आर्थिक **राहत** प्याकेज ल्याउने तर्फ सरकारको ध्यान अलि पुगेको छैन र अर्को कुरा जाँदाजाँदै अन्तमा म के भन्न चाहन्छु भने सभामुख महोदय, गण्डकी प्रदेशको राजधानी पोखरालाई प्रदेशको पनि एउटा कर्तव्य हुन आउछ कि प्रदेश यो पोखरालाई प्रदेशको राजधानी जस्तो बनाउन पनि त्यतिकै जरुरत छ । यहाँको सडकको स्तर उन्नतिका कुराहरू भए यहाँको आकासे पुलहरू लगायतका जति पनि व्यवस्थित पार्किङहरू यो गर्नलाई चाँहि अति जरुरी छ तर यो मन्त्रीज्यूहरू कास्की भन्दा बाहिरको **मात्रै** परेको भएर

हो कि सबभन्दा धेरै ट्याक्स फेरि यही ठाउँबाट उठ्छ तर मन्त्रीहरूको ध्यान पोखरालाई बनाउने भन्ने छैन किनभने यहाँ विदेशी पाहुनाहरू **डिप्लोमेटहरु** पनि धेरै आउनुहुन्छ, स्वदेशी पाहुनाहरू पनि आउनुहुन्छ यो तर्फ सरकारको ध्यान जानुपर्छ भन्ने कुराहरू राख्दै मेरा आफ्ना भनाई। टुङ्ग्याउछु धन्यवाद ! जय नेपाल !

## - माननीय सभामुख:-

माननीय **सदस्य** श्री खिम विक्रम **शाही**लाई छलफलमा भाग लिन समय दिन्छु**|**

**त्यसपछि माननीय सदस्य श्री धनमाया पोखरेल लामा।**

## मानननीय सदस्य श्री खिम विक्रम शाहि :-

**माननीय सभामुखज्यू**, यो विधेयक माथि **हामी** छलफलमा छौं । मैले यो भन्दा अगाडि पनि आर्थिक बजेटको छलफलमा पनि भनेको थिएँ । दुर्गम जिल्लाका दुर्गम बस्तीलाई आधार मानेर प्राथमिकताका आधारमा पक्कै पनि यो बजेटले सम्बोधन गर्ने छ भन्ने म बोलेको थिएँ । अहिले बजेटलाई सर्सर्ती हेर्दाखेरी त्यसो नभएर केन्द्रमुखी, **श**हरमुखी, बजारमुखी त्यो भित्र पनि प्रदेशको मात्रै नभएर जिल्लाको **केन्द्र**मुखी, पालिकाको **केन्द्र**मुखी र पालिका भित्रका गरिब बस्ती पालिका **भित्रका** ती ठाउँहरू दुर्गमहरू **त्यस्तो** कार्यक्रम नपरेको म आवास गर्न चाहन्छु र यो समस्या धेरै छन् । हाम्रो जस्तो वाग्लुङको पनि दुई ख जस्ता दुर्गम **वस्तीहरु, दुर्गम** ठाउँहरू हाम्रो **प्रदेशमा** धेरै छ त्यस्तो ठाउँहरूमा यि प्रकारको विकास**हरु** हुन जरुरी छ । बल्लमात्रै गण्डकी प्रदेश समृद्धि प्रदेश बन्न सक्छ न कि **कुनै** एउटा ठाउँ एउटा जिल्लाको मात्रै विकास गरेर हामीले गण्डकी प्रदेशको समृद्ध देख्छौं भने यो सपना **मात्रै हुन्छ।** अझै पनि मैले **भनिराखेको** छु । आफ्नो वडामा आउनको लागि **वडा पालिकामा आउनको लागि मान्छेहरु** एक दिन पैदल हिँडेर आउनु पर्छ । मुख्यबाटोबाट ट्याक **ओपन** भाको **छैन** ता कि ठाउँठाउँमा अब कच्चीबाटो नदेख्नी पालिका पनि हामीसँग छ त्यसकारणले गर्दा त्यहाँ **कदमचित काम,** कार्यक्रम परिहाल्यो भने कतिपय ठेकदारहरूले मनपरि गरेका छन् । जनतालाई **ढाढ सेक्ने गरी करहरु हामी असुल्ने गर्छौं र कर तिरेका जनताले आभाष प्राप्त नहुने गरिकन ति ठेकदारहरुले**

**कतिपय ठेकदारहरुले मनपरी गरेर जनतालाई** दु:ख दिइराखेका छन् कामकुरो भाको छैन । अधुरो छ त्यसकारणले गर्दा यसलाई नियमन गर्न जरुरी छ यसमा प्रदेश सरकारको ध्यान आकर्षण **गर्न** म चाहन्छु । कतिपय नयाँ **कार्यक्रमहरु** पनि समावेश भएका छन् । पुरानोलाई निरन्तरता दिने **भनेर भनेको** छ । अरू क्षेत्रमा पनि त्यो भाको होला । विशेष गरेर मेरो प्रदेशमा पहिलो वर्षको बजेट जुन काल्ने खेत झिम्पा ढोरपाटन भनेर बजेट **विनियोजन** गरियो त्यो काम ठेकदारले अहिले पनि **काम** गर्दैछ । त्यहाँ गत वर्षको दोस्रो बजेटमा पनि त्यसलाई पारिएन । ढोरपाटन पुगेको छैन १ किलो **मिटर** बाटो खनिएको छैन त्यो काटियो र काटेको रैछ अहिले पनि त्यो कार्यक्रम परेन । पर्न पर्ने हो अर्को कुरो गत वर्ष ६५ लाखे जुन कार्यक्रम थियो त्यो कार्यक्रमलाई निरन्तरता दिइन्छ भनेर भनियो त्यो कार्यक्रम पनि पर्न सकेन भुलचुक पनि हुन सक्छ, हुन त समय छ । थपघट गर्दैमा त्यस्तो समस्या त पर्दैन होला । अवश्य पनि त्यो हुन्छ भन्ने मलाई आशा छ । भुलिएको पनि हुन सक्छ र कतिपय कार्यक्रमहरू गत वर्ष ७६/७७ मा छुट्याइएका कार्यक्रमहरू सुरु नै भा छैनन् । नदी नियन्त्रणको कार्यक्रम यसले जोडेको छैन के कारणले जोडेको छैन । त्यो जोड्न पर्ने हो मैले नबुझेको हुन पनि सक्छु नदीको नियन्त्रण कहि पनि छैन । कतिपय ठाउँमा त्यो नदि **नियन्त्रणको कार्यक्रम शुरु** भाको छैन त्यो फ्रिज भयो । २०/२५ लाख दाम कति थियो ? त्यो हुनुमा पनि सरकारले जस अपजस लिने होला कार्यक्रम राम्रो भएपनि यो प्रदेशमा प्रदेश सरकारको **जस** हुने गर्छ तर नराम्रो काम भएमा पनि प्रदेश सरकारले **जस त लिन** पर्ने होला नि । **हामी** राम्रो काम प्रदेश सरकारले गर्‍यो भने हामीले गाउँमा गएर **जनतासँग** हाम्रो सरकारले अत्यन्तै राम्रो काम गरेको छ । यहाँ छ, उहाँ छ, त्यहाँ छ भनेर हामी गफ गर्न सक्छौं तर राम्रो काम गरेन काम हाम्रो सरकारले काम गरेन त्यो पनि त भन्ने होला हामीले त्यस कारणले गर्दा यो कुरालाई पनि हाम्रो प्रदेश सरकारले ध्यान दिन जरुरी छ र अर्को कुरा यो जनता **आवास** जस्तो कार्यक्रम छ त्यसमा अति गरिब, निम्नवर्गका मान्छेहरूको घरजग्गा नभएर अर्काको **घरमा** बसेका सानो चाँहिगोठ बनाएर बसेका अवस्थाहरू पनि छ । त्यसैले जनता **आवास** कार्यक्रम समावेश गराउन सकिन्छ भने पनि समावेश गरौं हैन भने छुट्टै कार्यक्रम बनाएर त्यस्ता व्यक्तिहरूका त्यस्ता निमुखाहरू**का** गरिबहरूका घर बनाउने कार्यक्रम, छानो छाइदिने कार्यक्रम पनि बनाउनु पर्छ कि मेरो सुझाव छ **र** हाम्रो अहिलेसम्म ३ **वर्षको शुरु** भयो **३ वर्ष शुरु भयो प्रदेश** सरकार गठन भएको अहिलेसम्म एउटा पनि प्रदेशको कार्यक्रम

नपरेको, एउटा पनि केन्द्रको कार्यक्रम नपरेको वडा छन् हाम्रा । **निसी**खोला वडा नं. ६ ढोरपाटन वडा नं. ४ जहाँ खानेपानीको **अत्यन्तै** समस्या छ । मैले लेखेर दिएको पनि छु त्यो समाधान हुन्छ भन्ने आशा छ । त्यसैले त्यस्ता **ति** ठाउँहरूलाई प्राथमिकता दिएर अझै पनि फेरबदल गरेर कार्यक्रम समावेश **गर्दिनु हुन** म अनुरोध गर्छु र यो अस्ति भर्खरै ढोरपाटनको बुर्तिवाङमा पहिरोले दुईवटा घर पुरेको छ । मानवीय क्षति त भएको छैन । अहिले त्यहाँ .पहिरोको कारणले बत्ति पनि बन्द भएकोले सरकारी कार्यलयहरूमा कामहरू ठप्प भएको छ । त्यसमा पनि ध्यान जान जरुरी छ र यो मेरो भनाई र विचारलाई समावेश गरिदिनुहुनेछ सम्बोधन गरिदिनुहुनेछ भन्ने आशा र विलाशा व्यक्त गर्दै मेरो भनाई अन्त्य गर्छु धन्यवाद !

## माननीय सभामुख-

माननीय **सदस्य** श्री धनमाया पोखेल लामालाई छलफलमा भाग लिन समय दिन्छु । **त्यसपछि माननीय सदस्य श्री पुष्पा के.सी. भण्डारी।**

# माननीय सदस्य श्री धनमाया पोखे्रल (लामा)

**माननीय सभामुख महोदय**, आर्थिक मामिला तथा योजनमन्त्री माननीय किरण गुरुङद्वारा विनियोजित विधेयक **टेवुल** पश्चात जुन हामीले वार्षिक कार्यक्रम पायौं र त्यसको एक दिन पछाडि जुन यो पेपर हामीले पायौं **र** मलाई यो पेपर माथिको केही **कमेन्ट** गर्न मन लाग्यो । जुन यो पेपरलाई **मैले** के भने भने प्राप्त अंक विनाको रिजल्ट ल्याउन चाँहि सरकारलाई किन हतार पऱ्यो ? यसको चाँहि म जवाफ चाहन्छु र अर्को हिसाबले भन्नुपर्दा मार्कसिट विनाको सटिफिकेटको के अर्थ हुन्छ र ? यो पनि म मन्त्रीज्यूलाई प्रश्न गर्न चाहें र मेरो जिज्ञासा किनकि यसमा हाम्रो कार्यक्रमहरू मात्र समावेश **भएको** छ । यसमा बजेटको कुनै व्यवस्था छैन **र** यसको थोरै श्रेय चाँहि हाम्रो यस गण्डकी प्रदेशको प्रमुख प्रतिपक्ष दल जुन नेपाली कांग्रेसले पनि जान्छ किनभने हाम्रो सभामा चालु आर्थिक वर्षमा हाम्रो प्रमुख प्रतिपक्ष दलले यो **वजेट** माथि **हाम्रो** असहमति छ भनेर उहाँहरूले अवरुद्ध गर्नु भएको थियो । त्यस्तै गरी पुरक वार्षिक कार्यक्रमको रूपमा यस्तै पेपर गत सालमा आको थियो त्यही कारणले मैले **यो** जोड्न चाहें । यो त खास गरी नीतिगत रूपमा गलत छ । यस्तो नीति चाँहि सच्चाइयोस् भन्ने म प्रदेश सरकारलाई ध्यानआकर्षण गराउन

चाहन्छु। **विनियोजित बजेटको** मोटो रकम चाँहि हाम्रो गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयमा छ । २०७५/०७६ मा विनियोजित भएको बजेटको आयोजनाहरू अहिले तेस्रो वर्षको बजेट ल्याई रहँदा पनि कतिपय कार्यक्रमहरू हाम्रो टेण्डर हुन नसकिरहेको अवस्था छ। यसमा पनि प्रदेश सरकारको ध्यान जाओस् भन्ने मैले विनम्रपूर्वक अनुरोध गर्न चाहें। पुँजीगत खर्च एकदमै न्यून छ हाम्रो गण्डकी प्रदेशको यो हामी सबैलाई जानकारी भाको कुरा हो । चालु आर्थिक वर्षमा वैशाख सम्ममा हाम्रो पुँजीगत खर्च ६२ प्रतिशत रह्यो र हाम्रो सरकारले लक्ष्य के राख्यो ? ६६ प्रतिशत हामीले असार मसान्त सम्म खर्च गर्छौं भनेर हामीलाई यहाँ अर्थमन्त्रीज्यूले यही **रोष्टमबाट** भन्नुभयो । हामीले कहाँ नेर विश्वास गर्ने ? १० महिनामा चाँहि ३२ प्रतिशत खर्च हुने प्रदेश सरकारको औकात छ । असार र जेठ महिनामा चाँहि रातारात हामीले ६४ प्रतिशत ६० दिनमा जुन जेठ र असारमा खर्च गर्न सक्ने क्षमता छ भनिरहँदा हामीले पत्याइदिनु पर्ने ? यहाँ नेर पनि प्रदेश सरकारले समीक्षा गर्न जरुरी छ। हुन्छ हामीले यो हलमा मानिदियौं तर जनताले त्यसको जवाफ खोज्ने वाला छ माननीय सभामुख महोदय, र यसमा पनि प्रदेश सरकारले यसमा **आगामी दिनमा** ध्यान पुऱ्यायोस् भन्ने म राख्न चाहन्छु र यही तथ्याङ्कले हामीलाई जनाउछ हाम्रो अर्थमन्त्रीज्यूको जुन आँकलनले हामी सोझो ढङ्गले पनि अनुमान लगाउन सक्छौं । हाम्रो सरकारको कार्य क्षमता कस्तो छ र हाम्रो कार्य शैली कस्तो छ ? यसमा पनि प्रदेश सरकारको ध्यान जान आवश्यक छ भन्ने मलाई लाग्छ । जुन यो भौतिक पूर्वाधारको सकारात्मक पक्ष भनेको जुन पहिलो वर्षमै इन्ट्री भएको जुन **योजनाहरु बहुवर्षिय** छ र जुन पूरा हुन सकेको छैन । **त्यो** आयोजनाहरूलाई निरन्तरता दिएको छ । **यो चाँहीं** सकारात्मक रूपमा लिनु पर्छ। धेरै साथिहरूले भन्नु भयो गोरखामा सबै बजेट गयो भनेर तर मैले किताब पल्टाएर हेरें यसमा मैले के भेट्याएँ भने भू-गोलका हिसाबले नीति योजना **आयोगले** सच्याउनु पर्छ गोरखा १ नं. मा हो मुस्ताङ लेखिदिनु भाको छ त्यो पनि सच्याउनु होला हाम्रो **चुमनुव्री** गाउँपालिका जुन भूगोल जनसंख्या र विकासको गतिको हिसाबले र पर्यटकीय **सम्भावनाको** हिसाबले स्याउ, आलु **चाइना सँगको** व्यापारको हिसाबले यो प्रदेशको गौरवको ठाउँ हो भन्ने मलाई लाग्छ। म आज प्रदेश सरकारलाई के अनुरोध गर्न चाहन्छु भने म गोरखाको **जन**प्रतिनिधि भाको हैसियतले गण्डकी प्रदेश भित्रको जुन काम छ गाउँपालिकाको **चुमनुव्री** गाउँपालिका हो। त्यसले **ऐतिहाँसिक** महत्व राख्दछ मैले आफ्नो विचार कुन ढङ्गले प्रस्तुत गर्न चाहें भने त्यसलाई विशेष **पालिका** अथवा विशेष जिल्ला छुट्टै जिल्ला बनाएर त्यहाँको विकासलाई अगाडि बढाउनु हुन म प्रदेश **सभाको**

हैसियतले प्रदेश सरकारलाई हार्दिक अनुरोध गर्दछु **र** हामीले समानुपातिक विकास हुनुपर्छ भनेर बारम्बार उठाइ रह्यौं यही सभामा तर मलाई लाग्दछ समानुपातिक विकास चाँहि सम्भव छैन विकास भनेको आवश्यकताको **आधारमा** समानुपातिक नभइ कन समावेशी हिसाबले हुनुपर्दछ । लाग्छ यो हाम्रो **प्रदेशको** राजधानी पोखराको विकास र लम्जुङको विकास एउटै हुन सक्दैन । मनाङको विकास र गोरखाको विकास एउटै **गोरखाको** त करिबकरिब मिल्छ । नवलपुरको विकास र गोरखाको विकास एउटै हुन सक्दैन । **त्यही भएर हाम्रो** विकासको छनोट समावेशी हिसाबले **हुनपर्छ** समावेशी विकास विना सम्वृद्धि सम्भव छ । हाम्रो **राष्ट्रिय** लक्ष्य भनेको दीगो विकास र समृद्धि हो । त्यसमा जान छ भने हामीले आजै देखि आफ्नो गृहकार्य थाल्न आवश्यक छ र प्रदेश सरकारले यसमा जोड दियोस् र आगामि दिनमा त्यसरी कार्यक्रम बनाओस् भन्ने मलाई लाग्छ । मुख्यमन्त्री कार्यलय तथा अर्थमन्त्रालयको भूमिका चाँहि अझ प्रभावकारी हुनु पऱ्यो । हामीले अन्यमन्त्रालयलाई गाली गरेर बजेट विनियोजन गरेर त्यतिले मात्रै त अर्थमन्त्रीज्यू को र मुख्यमन्त्रीज्यूको भूमिका पूरा हुने होइन होला । हामीले कस्तो खालको बजेट बनायौं बजेट कार्यन्वयन हुन नसक्ने **पाटा** पक्षहरू के छ ? गण्डकी प्रदेशलाई समग्र हिसाबले समृद्धि तर्फ लैजानको निम्ति हाम्रो मुटु आर्थिक हिसाबले प्रदेशको मुटु भनेको अर्थमन्त्रालय हो र योजनाको हिसाबले भन्नुपर्दा मुख्यमन्त्री कार्यलय हो । **उहाँहरु** कार्यलयको भूमिका अझ प्रभावकारी होस् भन्ने मैले चाहें र प्रदेश **निती** योजना आयोगको कार्य र भूमिका हामीले खासै देख्न पाएको छैन । यहाँ बजेट छ आगामी दिनमा यसको यो नीति योजनाको भूमिका पनि प्रभावकारी होस् भन्ने मैले चाहें । प्रदेश लोकसेवा आयोग जुन हाम्रो संविधानले प्रदेश सरकारलाई एकल अधिकारभित्र दिएको छ । प्रदेशको एकल अधिकारले हामीले जुन विधेयक पनि पास गरिसकेका छौं । यसलाई हाम्रो प्रदेशको पहिचानसँग लोकसेवा आयोग जोडेको हुनाले हाम्रो समग्र प्रदेशलाई व्यवस्थित गर्न र कर्मचारी लगायतका हाम्रो प्रदेशलाई समृद्ध प्रदेश **बनाउनको** निमित्त लोकसेवा आयोगको भूमिका महत्वपूर्ण हुन्छ । यो तत्कालै गठन त भैसक्यो यो कार्यन्वयनमा आओस् र यो विनियोजित बजेटको पूर्ण सफलताको **शुभ**कामना दिँदै मेरो भनाईहरू यही अन्त्य गर्दछु हस् त धन्यवाद !

## माननीय सभामुख-

माननीय **सदस्य** श्री पुष्पा के.सी भण्डारीलाई छलफलमा भाग लिन समय दिन्छु। **त्यसपछी माननीय सदस्य श्री जुनादेवि नेपाली ।**

## माननीय सदस्य श्री पुष्पा के.सी भण्डारी :-

माननीय सभामुख महोदय, विनियोजन विधेयक २०७७ अन्तर्गत आज मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यलय, आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यलय र प्रदेश नीति तथा योजना आयोगसँग सम्बन्धित विभिन्न शीर्षक माथि छलफल गर्न गइरहेका छौं । सभामुख महोदय, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यलयसँग सम्बन्धित विभिन्न शीर्षकहरूमाथि छलफल गर्नुपर्दा यो मन्त्रालयले आफ्नो मन्त्रालयको मात्र जिम्मा नलिइ सम्पूर्ण मन्त्रालयहरूले गरेका कामकार्वाहीहरूको पनि जिम्मेवारी लिएको हुन्छ भन्ने मेरो बुझाई छ तर पनि प्रत्यक्ष रूपमा यसले संलग्नता राखेका शीर्षकहरूमा छलफल गर्नुपर्दा जनतासँग प्रत्यक्ष सम्पर्कमा आउने हेलो मुख्यमन्त्री कार्यक्रम, एक्सन रुम, प्रदेश विकास प्राधिकरण, व्यवसाय जीवन रक्षा कोष, विद्युतीय सुशासन र निर्वाचन क्षेत्र पूर्वाधार **विकास** कार्यक्रमलाई मैले विशेष ठानेकी छु । प्रदेश विकास प्राधीकरण र निर्वाचन क्षेत्र पूर्वाधार **कोषको** आवश्यकता माथि वादविवाद चलिरहे पनि मलाई यी आवश्यक र प्रभावकारी विषय हुन् भन्ने **लाग्दछ।** समय अभावले यस मन्त्रालयका लागि यति मात्र कुरा राख्दछु । त्यसैगरी आर्थिक मामिला तथा योजना मन्त्रालय **अन्तर्गतका** विभिन्न शीर्षकहरूलाई नियाल्दा : समग्र प्रदेशको बजेट नै यही मन्त्रालयबाट तर्जुमा हुन्छ । त्यसका साथमा यस अन्तर्गत अरू पनि विभिन्न शीर्षकहरू राखिएका छन् । जसमा विभिन्न विषयहरूमा - तालिम, छलफल, गोष्टी, **संभाव्यता** अध्ययन, **अनुभवको** आदानप्रदान, सामाजिक सुरक्षा **कोष**, प्रोजेक्ट बैंक, संक्रामक तथा सरुवा रोग अस्पताल आदि प्रमुख छन् । तालिम, गोष्टी,छलफल **र अनुभवको आदानप्रदानहरु** कार्यक्रमहरू नयाँ प्रविधिहरू सिक्न र सिकेका कुराहरू सिकाउन र **मानव** मस्तिष्कलाई तरुर ताज राख्नका निम्ति अतिनै आवश्यक कुरा हो । तालिम भएन भने प्रविधि प्रसार नै हुन कठिन हुन्छ । त्यसैले मैले यसलाई महत्वपूर्ण ठानेकी छु । संक्रामक रोग अस्पताल अहिलेको आवश्यकता हो । यो छिटो बनोस् भन्ने चाहना व्यक्त गर्दछु । प्रोजेक्ट बैंकलाई व्यवहारमा ल्याउन आग्रह गर्दछु । यस मन्त्रालय अन्तर्गतका शीर्षकहरूमा मैले **यतिनै** छलफल गरें । सभामुख महोदय, भौतिक पूर्वाधार विकास **मन्त्रालय** अन्तर्गतका शीर्षकहरू विशेष चाँसोका विषयहरू रहेका

हुन्छन् किनकि बाटो, पुल, खानेपानी, सिँचाई, झोलुङ्गे पुल, भवन आदि यसै मन्त्रालय अन्तर्गत **हुने** र विकास भनेकै नै यो हो कि भन्ने पनि बुझाई छ । हुन पनि हो भौतिक **पूर्वाधारको** विकास **विना अरु विकास** ओझेलमा पर्दछन् । मुस्ताङको स्याउ पोखराको बाटो भएर नै आइपुग्छ । पोखराबाट अन्नपात मनाङ, मुस्ताङमा पनि बाटो भए नै पुग्दछ । विकासको पर्याय बनेको यो मन्त्रालयले धेरै जस र दोष पनि खेप्नु परेको छ कारण कति योजनाहरू हामीहरूले टिपाएको **परेको** हुन्छ कति पर्दैनन् त्यो बेला हामीलाई निराशा लाग्नु र पक्षपात गरियोकि भन्ने पनि **लाग्दछ** तर यस सन्दर्भमा मेरो बुझाई अलि फरक पनि छ । हिजो हामीलाई यस मन्त्रालयबाट १५४ पेजको **एउटा** पुस्तक प्राप्त भयो । जसमा योजना नै योजनाहरू छन् । मलाई के लाग्दछ भने, त्यो पुस्तक भित्रका योजना जनप्रतिनिधिले टिपाएका मात्र नभई यस मन्त्रालय अन्तर्गत रहेका विभाग तथा कार्यलयहरूले पेश गरेका कार्यक्रमहरू पनि हुन् । **ग्रासरुट** लेबलबाटै योजना तर्जुमा **गोष्ठीहरु** गरेर जनताले राखेका मागहरूमा पनि प्राथमिकीकरण गरेर कर्मचारीहरूले योजनाहरू ल्याउनु भएको हुन्छ र त्यसमा पनि बजेटको परिधिभित्र रहनु पर्ने बाध्यताले कति कार्यक्रमहरू कटाएर यो वर्ष नगरि नहुने कार्यक्रमहरू रातो किताबमा परेको हुन्छ भन्ने मेरो अनुभव छ। हामी जनप्रतिनिधि जस्तै कर्मचारी वर्ग पनि आफूले पठाएको योजना जस्ताको तस्तै रातो किताबमा नपरेको देख्दा दुःखी हुँदै भन्नुहुन्छ, अब **फिर्ता** कसरी जाने ? यो वर्ष त यो यो योजना त पर्छ भनेको सबै **कटेछन हत्तेरी** । यसरी कर्मचारीहरूले पीडा पोखेको पनि मैले देखेकी छु । विकासे कार्यकर्ता भएर **जनजसेवामा** रहेका बखत यसरी सबैलाई मन साँघुरो पार्नु मन्त्री र मन्त्रालयको **पनि** रहर त होइन होला ! उहाँहरू पनि जनता र प्रदेशको सेवा र विकासका निम्ति नै लागी पर्नु भएको छ तर बजेटले तोकेको **सिलिङ** भित्र रहनु पर्दा सबैका माग सम्बोधन हुन सक्दैनन् रहेछन् सबैलाई खुशी पार्ने मन भए पनि नसकिँदो रहेछ भनेर मन्त्रीज्यू र सचिवज्यूहरूले राख्नु भएका अभिव्यक्तिले हो त नि भनेर सहमति जनाउनु पर्ने स्थिति पैदा हुन्छ। समग्रमा म के भन्दछु भने **त्यो** १५४ पेजमा उल्लेख शीर्षकहरू यो वर्ष कार्यन्वयन भएभने पनि प्रदेशको भौतिक विकासले फड्को मार्छ **भन्नेमा** म विश्वस्थ छु । **यस तर्फ** म यति नै कुरा राख्दछु । सभामुख महोदय, प्रदेश लोकसेवा आयोगले मुर्तरूप लिएर आफ्नो काम सञ्चालनमा ल्याएपछि प्रदेशमा कर्मचारीको अभाव **त** पूरा हुनेनै छ त्यसका साथमा कार्यसम्पादनमा शिघ्रता आई लक्षित कार्यक्रमहरू समयमा नै **पूर्ण हुनेमा** योगदान पुग्नेछ भन्नेमा पनि म

विश्वस्थ छु । प्रदेशलाई नै आफ्नो **कार्य**क्षेत्र स्वीकार गरेर आउने कर्मचारीमा दुविधा नरहने र **स्विकारुक्तिमा** समर्पण र समर्पणमा असल कार्य **सम्पादन** रहन्छ भन्ने म ठान्दछु । यो शिघ्र व्यवहारमा आओस् भन्ने चाहना व्यक्त गर्दछु । त्यसैगरी मुख्य न्यायाधिवक्ताको कार्यलयले स्थानीय तहमा कानून तर्जुमा गर्न सहजीकरण गर्ने कानून **मस्यौदा** तयार पार्ने सहजीकरण गर्ने र आवश्यक **कानूनी सरसल्लाह** र छलफलहरू गर्ने काम गरिरहेको र त्यसलाई अझ प्रभावकारी बनाउँदै लैजानेछ भन्नेमा म आशावादी छु । सभामुख महोदय, प्रदेश नीति तथा योजना आयोगले गण्डकी प्रदेशको स्थितिपत्र देखि प्रथम पञ्चवर्षिय योजना समेत प्रकाशित गरी एउटा इतिहास कायम गरिसकेको छ । यसका निम्ति म बधाई ज्ञापन गर्दछु । यो वर्षको विनियोजन विधेयक २०७७ को प्रदेश नीति तथा योजना आयोगका विभिन्न शीर्षकहरू माथि छलफल गर्नुपर्दा कोरोना भाइरसको प्रभाव मूल्याङ्कन सम्बन्धी अध्ययन, विद्युतीय चुलो प्रयोग सम्बन्धी अध्ययन र विभिन्न कार्यक्रमहरू जस्तै : होमस्टे, मोडेल फर्म, मुख्यमन्त्री वातावरण मैत्री कृषि कार्यक्रम, पकेट क्षेत्र, मा.वि स्तरमा विज्ञान विषयको विस्तार आदिको प्रभाव, अध्ययन र मूल्याङ्कन जस्ता विषयहरू मलाई महत्वपूर्ण लागेका छन् । २०७२ को भूकम्प पश्चात विद्युतीय चुलो प्रयोगमा आउन थालिसकेको छ । देशमा विद्युत उत्पादन पर्याप्त मात्रामा हुँदा यसको विस्तार हुनु आवश्यक नै छ भने यो चुलो व्यवहारमा आउँदा भान्सा पेवामा **प्राप्त** हामी महिलाको स्वास्थ्यलाई पनि सकारात्मक प्रभाव पर्ने छ भने ग्याँस किनेर बाहिरीने रकम पनि स्वदेश भित्र नै रहने छ । त्यसै गरी कुनै पनि कार्यक्रमहरू अनुगमन तथा मूल्याङ्कनले त्यो कार्यक्रममा आवश्यक **पर्ने** सुधारहरू र अझ प्रभावकारी बनाउन खेल्नु पर्ने भूमिका बारे पनि अवगत हुने हुँदा मैले यो कार्यक्रमलाई सकारात्मक **तवरले हेरेकी** छु । समग्रमा अहिले छलफल गरिएका सबै मन्त्रालय र कार्यलयहरूका शीर्षकहरू आवश्यक र महत्वपूर्ण रहेको आफ्नो ठम्याईका साथ आफ्नो र दलको पूर्ण समर्थन व्यक्त गर्दै आज्ञा चाहन्छु। धन्यवाद !

## माननीय सभामुख-

माननीय **सदस्य** श्री जुनादेवी नेपालीलाई छलफलमा भाग लिन समय दिन्छु। **त्यसपछि माननीय सदस्य श्री विष्णु प्रसाद लामिछाने ।**

## माननीय सदस्य श्री **जुनादेवी नेपाली**:-

माननीय सभामुखज्यू, माननीय आर्थिक मामिला तथा योजनमन्त्री श्री किरण गुरुङले २०७७ असार ७ गते यस गरिमामय सदनमा प्रस्तुत गर्नुभएको विनियोजन विधेयक २०७७ माथि विचार गरियोस् भन्ने प्रस्ताव सभा समक्ष असार ८ गते प्रस्तुत गर्नुभएको थियो र वार्षिक विकास कार्यक्रम २०७७/०७८ **मा** आज मलाई मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यलय, आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यलय र प्रदेश नीति तथा योजना आयोगसँग सम्बन्धित शीर्षकहरू माथि छलफल कार्यमा सहभागी हुने अवसर प्रदान गरिदिइनु भएकोमा म आभार प्रकट गर्दछु । आज विश्व कोरोना भाइरसको महामारीबाट आक्रान्त छ । मुलुक आज लकडाउनमा छ । आउने दिनहरू थप चुनौतिपूर्ण हुँदै गइरहेका छन् । यसले पारेको समग्र अर्थतन्त्र सम्पूर्ण प्रदेश वासीमा प्रभाव आर्थिक मन्दीको अवस्थालाई जित्न, प्रदेश सरकारले सीमित स्रोत र साधनको परिचालन गरी प्रदेश वासीको **जिवन** रक्षा गर्ने, माहामारीबाट शिथिल भएको अर्थतन्त्रलाई चलायमान र सरकारलाई गतिशिल बनाउन, प्रदेशका गौरवका आयोजना लगायत विकासका आयोजना अगाडि बढाउने हाम्रो प्रयासमा विनियोजन विधेयक २०७७ ले महत्वपूर्ण भूमिका खेल्ने छ र **म** यो विनियोजन विधेयकको सफलताको शुभकामना व्यक्त गर्दछु । प्रदेशमा नागरिक मैत्री सुशासन कायम गर्न सबल र समुन्नत अर्थतन्त्र निर्माण गर्न, सबल, भौतिक पूर्वाधार, आर्थिक सामाजिक समृद्धिको आधार तय गर्न अल्पकालिन र दीर्घकालिन नीति तथा योजना तर्जुमा गर्न र उपयुक्त स्थानमा उपयुक्त जनशक्ति छनोट **र** सिफारिस परीक्षण प्रविधि **सम्वन्धी** समय सापेक्ष बनाउन प्रदेश सरकारको हक हित वा सरकार रहेको संविधान वा कानूनको व्याख्या **सम्वन्धी** सरकारको तर्फबाट बहस पैरवी गर्ने राय माग गरेमा कानूनी राय दिने कार्य गर्न यि कुराहरूमा गतिशिल प्रभावकारी, जिम्मेवार बनाउन यो **विनीयोजन** विधेयकले महत्वपूर्ण राख्दछ । **विनियोजन** विधेयक २०७७ को कार्यन्वयन**वाट** कोभिड-१९ महामारीको प्रभाव र असर छिटै नियन्त्रण गर्न विकास निर्माण यातायात व्यापार व्यवसाय सार्वजनिक प्रशासन लगायत नागरिकको दैनिक जीवनमा सामान्य हुँदै जाने अन्य तथा रोजगारीका अवसरहरूको सिर्जना हुने समग्र आर्थिक वृद्धिले **गति** लिने छ । समृद्ध प्रदेश निर्माणको आधारशिला खडा हुने कुरामा म विश्वास लिएकी छु। माननीय मुख्यमन्त्री, श्री पृथ्वीसुब्बा गुरुङले नेतृत्व गरिरहेको यो गण्डकी प्रदेश सरकारले लिएको लक्ष्य, उद्देश्य प्राप्तीमा हामी सम्पूर्ण माननीयहरू जिम्मेवार ढङ्गले लगायत सम्पूर्ण आम नागरिक तपाईं हामी सबै लाग्न जरुरी देखिन्छ र लाग्नुपर्दछ भन्दै म पूर्ण समर्थन गर्दछु र यति महत्वपूर्ण कुराहरू हुँदा हुँदै पनि केही

सुझावहरू म राख्न गईरहेकी छु । सडकमा गत वर्ष सञ्चालित योजनाहरू अझै अधुरा भएका छन् तिनीहरूलाई निरन्तरता दिनुपर्ने मैले देखेको छु। युवा महिला, दलित लगायतका विभिन्न समुदायका सामुदायिक भवन निर्माणमा हामीसँग बढी माग आउने गरेका छन् । यसलाई पनि सम्बोधन गर्नुपर्ने देखिन्छ। गाउँगाउँमा बढ्दै गइरहेका नयाँनयाँ घर निर्माणमा विद्युत प्रसारण लाइन जडान ढिलाई देखिएको छ । यसमा जोड दिनुपर्ने देखिएको छ । विगतका वर्षदेखि सञ्चालित योजनाहरू लामो समय लिएका छन् । त्यस्ता योजनाहरू छिटो सम्पन्न गर्नुपर्ने देखिएको छ। विश्वमा जलस्रोतमा दोस्रो धनी देश नेपाल र प्रदेशको नामै गण्डकी प्रदेश यति बेला स्वास्थ्य र कृषिमा सबैको ध्यान गएको अवस्थामा बाँझो रहेको जमिन खेर गइरहेको खोला, नदी, गण्डकीको पानी सदुपयोग गर्न र सिँचाईको सन्दर्भमा भौतिक पूर्वधार विकास मन्त्रालयले बजेटमा प्रार्थमिकता पाउनु पर्थ्यो । नपाएको हो कि भन्ने महशुस मैले गरेको छु । पाउनु पर्छ र यतिबेला भौतिक पूर्वाधार विकास मन्त्रालयका कार्यक्रमहरूले गर्दा अब मैले धेरै पालिकाहरूसम्म त कुरा गर्दिन जिल्लासम्म हामी **माननीयहरु** हौं भनेर जाने जुन वातावरण सिर्जना भएको छ। त्यस मानेमा गण्डकी प्रदेश सरकारलाई म धेरैधेरै धन्यवाद दिँदै म यो **विनियोजन** विधेयकको पूर्ण समर्थन गर्दै मेरो भनाइ यही अन्त्य गर्दछु हस् त धन्यवाद ! नमस्कार !

## माननीय सभामुख-

माननीय **सदस्य** श्री विष्णुप्रसाद लामिछानेलाई छलफलमा भाग लिन समय दिन्छु । **त्यसपछी माननीय सदस्य श्री मन बहादुर गुरुङ।**

## माननीय सदस्य श्री विष्णुप्रसाद लामिछाने :-

**माननीय सभामुख महोदय**, अस्ती बोल्दै गर्दा एकजना माननीयज्यूले बडा राम्रो कविताबाट शुरु गर्नु भाको थियो । मैले नि कहिलेकहिले लेख्ने गऱ्या मान्छे उहाँको त्यो कविता सुनेपछि कताकता म भित्रको थोरै साहित्यिक व्यक्तित्व जाग्यो एउटा मुक्तकबाट शुरु गर्न **अनुमति** चाहन्छु ।

*भेडालाई नि गाई देख्छौं अचम्म छ (२)*
*बहिनीलाई नि दाइ देख्छौं अचम्म छ ।*
*पुतना कृष्णलाई मार्ने आएकी थिइ ।*
*उसलाई पनि धाई देख्छौ अचम्म छ ।*

यस **सित** सगैं मैले अलिकति यो छलफलतिर **अगाडी** बढ्ने अनुमति चाहन्छु | यो वार्षिक विकास कार्यक्रम हेर्दै गर्दा मैले धेरै कुराहरू भन्न जरुरी ठानेको छैन । धेरै कुराहरू आका छन् । मैले धेरै व्याख्या गर्नुपर्छ भन्ने लाग्दैन । वास्तवमा पहिलो कुरा त हामीले योजनाहरू छनोट गर्दा खेरी नै हाम्रो दीगो **विकासको** लक्ष्य के हो ? हाम्रा पञ्चवार्षिय योजनाहरू के के हुन् ? त्यसलाई मध्य नजर गरेर आवश्यकताको सिद्धान्तलाई प्राथमिकतामा राखेर योजनाहरू छनोट गर्नु पर्ने हो । त्यो कति हामीले गर्न सफल भयौं मुख्य कुरो हो भन्ने मलाई लाग्छ । हुन त हामी **कोरानाको** माहामारीमा छौं । मलाई शुरुमा लागेको थियो त्यो बजेट नीति कार्यक्रममा आउँदा **वजेट मन्तव्यकै** क्रममा पनि यो कोभिड-१९ लाई मध्यनजर गरेर बजेट आएन कि ? **कम** छुट्यो कि भन्ने लाथ्यो, हाम्रो सम्माननीय प्रधानमन्त्रीज्यूको जुन अभिव्यक्ति आएको छ सदनमा उहाँले जसरी प्रस्तुत गर्नु भाछ उहाँको त्यो अभिव्यक्ति सुनेपछि म गलत रहेछु कि भन्ने मलाई लागिराछ । वास्तवमा बेसार र अदुवा खाने, दुई चार पटक हाँछ्यू गरेकै भरमा कोरोना निको हुने परिस्थिति सिर्जना भएपछि त्यो छुट्याएको बजेट पनि अलि धेरै भयो कि ? त्यो हाँछ्यूलाई र अदुवा बेसार**लाई** त्यति धेरै बजेट चाहिँदैन कि भन्ने **लाछ** यद्यपि त्यो बजेटले हामीले गाई पाल्न सक्छौं, गाई पालेपछि मल हुन्छ । अदुवा बेसारलाई पनि काम लाग्ने भो अर्को एउटा हामी सानो हुँदा खेतमा पाइन्थ्यो के भन्छ थाहा छैन हाँछ्यू झार भन्थ्यौं त्यसको पनि विकास गऱ्यो भने त्यसलाई पनि यसो सुँगे पछि हाँछ्यू कि हाँछ्यू हाँछ्यू कि हाँछ्यू हुन्छ त्यसलाई पनि यो बजेटको बारेमा यो कोरोनाको बजेटको बारेमा **छुट्टाएको** बारेमा म आफू निर्धक्क छु, ढुक्क छु । यतिले हामीलाई पुग्छ भन्ने लागेको छ । कार्यन्वयनको पक्ष धेरै **कुराहरु** आएको छ मैले उठाउँदै उठाइनँ **आज** किनभने यो भन्दा मैले धेरै पटक भनेको छु । कुन्नी के **कन्याएर** आफ्नै आङमा छारो भने जस्तै म यहाँ बोलिरहँदा युटुबमा जान्छ अरू प्रदेशका माननीयज्यूहरूले होइन कस्तो खाले प्रदेश रैछ त्यो कामै नहुने भनेर त्यो बेइज्जत त त्यो बदनाम त्यो मेरो पनि हुने भाको हुँदा मैले **यो** भन्दा कार्यन्वयनको पाटोमा केही कुरै गर्न चाहिन । अर्को एउटा ठ्याक्कै त्यो भित्र छिरिनँ किनभन्दा म ७ मिनेटमा धेरै कुराहरू भन्नै सक्दिनँ । अर्को एउटा गुनासो आको छ । प्रतिपक्षले के भन्यो त्यतातिर म जाँदैजान्न मैले सम्मान सत्ता पक्षकै माननीयज्यूहरूलाई गर्छु र **उहाँहरुले** पहुँचको आधारमा बजेट विनियोजन भयो भन्नुभाछ मेरो विनम्रता पूर्वक अनुरोध छ बजेट आफ्नो क्षेत्रमा पार्नको लागि, आफ्नो जिल्लामा लानको लागि मन्त्री नै हुनुपर्ने परिस्थितिको अन्त्य होस् त्यो चाहिँ

वास्तवमा त्यसले मन्त्री हुन पनि हानाथाप हुने परिस्थिति अनि मान्छेलाई एक किसिमको इगो बढ्छ त्यसैले समान हिसाबले सबै क्षेत्रमा यो गण्डकी प्रदेश सबै हाम्रै हो र हामीले समान हिसाबले आवश्यकताको आधारमा पहुँचको आधारमा होइन विकास छनोट गर्ने योजनाहरू छनोट गर्दा आवश्यकताको आधारमा कहाँ कति आवश्यकता छ भनेर हेर्न जरुरी छ । यो भएको यो बजेट जे बजेट आको छ हामीले अघि मैले भन्या जस्तै हाम्रो दीगो विकासको लक्ष्य, हाम्रो पञ्चवर्षिय योजना आवश्यकताको सिद्धान्तलाई कति हेरियो मलाई लाग्दैनँ त्यसलाई हेरेर हामीले योजनाहरू छनोट गरौं भन्ने लाग्दैन । होला कहि पहुँचकै आधारमा भयो होला **कतै** कही काम गर्दागर्दै यति त गरौं भन्ने आधारमा भयो होला ! जे भएपनि यो प्रदेशलाई **हाम्रो** सबैको लक्ष्य भनेको दीगो विकास गर्ने हो । यो प्रदेशलाई अरू प्रदेश भन्दा राम्रो बनाउने हो त्यसको लागि सबैले प्रयास गर्न जरुरी छ । मैले त्यो परिस्थितिको बजेट आयो भन्ने लाग्दैन निरन्तरता पाको छ । विशेष गरेर भौतिक योजना **मन्त्रालयको** कुरा गऱ्यो भने म धन्यवाद दिन चाहन्छु, **मन्त्रीज्यूलाई।** यो परिस्थितिमा पनि निरन्तरता दिनु भाको छ तर त्यसो हुँदाहुँदै पनि **केही** त्यस्ता योजनाहरू जुन योजना नगरी नहुँने योजना**हरु** छुटेका छन् ती **कुराहरुलाई** पनि ध्यान दिनु जरुरी **छ, थियो** त्यस्तै अब हामीले चाहिँ निरन्तरता सबैमा दियौं भन्ने लाग्यो मैले किताब हेरें सर्सर्ती धेरै योजनाहरू निरन्तर रूपमा परेका छन् । त्यो मध्यमा एउटा योजनाले यो अघिल्लो वर्ष परेको एउटा योजनाले गुनासो गऱ्यो मलाई । सबैले निरन्तरता पाउने, के म सौताको छोरो हो र ? मलाई छोड्नु पर्ने भनेर गुनासो गऱ्यो मलाई पनि साँच्चै लाग्यो अघिल्लो वर्षको योजनामा क्रम संख्या २४, ८१ खर्च शीर्षक ३१, ५१ बाट खर्च हुने गरी पिँपलटार **अत्रौली पक्की** पुल(मोटरेबल पुल) मैले त्यो **खोज्दा नपाएको** पनि हुन सक्छ । यो कालि नदीमा पहिलो त्यो ठूलो बुकमा **नहलपुर तिरको** भएर आयो । अनि **पछि** सानो यो यसरी आउँदा चाहिँ त्यो तनहुँ तिर सऱ्यो । अहिले चाहिँ त्यो कता गएछ मैले मेसै पाइनँ । त्यसो भाको हुँदा अरू सबैले निरन्तरता पाउँदा त्यो पुलले पनि निरन्तरता पाओस् भन्ने मलाई लाग्दछ । यद्यपि मन्त्रीज्यूले भन्नुभाको **पनि** छ त्यस्ता योजनाहरू छुटेका छन् भने हामी समावेश गर्छौं **निरन्तरतालाई** भनेर । अन्तिममा मैले मेरो अनुरोध के हो भन्दा तेरो र मेरो भन्दा पनि अहिलेको बजेटले समग्र प्रदेशलाई आत्मनिर्भर बन्ने किसिमको मैले पाइन हेरें । त्यसलाई के कसरी गर्न सकिन्थ्यो ? कसरी त्यसलाई तालमेल गर्न सकिन्थ्यो ? कसरी स्रोत र साधन जुटाउन सकिन्थ्यो भन्ने तिर ध्यान नपुगेको हो भन्ने मलाई **लाग्छ** धन्यवाद ! जय नेपाल !

## माननीय सभामुख-

माननीय सदस्य श्री मन बहादुर गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु। **त्यसपछि माननीय सदस्य श्री प्रकाश चन्द्र दवाडी।**

## माननीय सदस्य श्री मन बहादुर गुरुङ :-

**माननीय सभामुख महोदय**, आज हामी विषयगत छलफलमा छौं । एउटा भनाई छ 'आगो, रोग र ऋण जोगाउनु पर्छ है होइन भने यसले सखाप पार्छ ।' भन्ने भनाई छ तर यो सरकार यस्तो बेलामा पनि जनताको जोखिम मोलेर जनताको पक्षमा, जनताको हितमा यो प्रदेशको जनतालाई सुखी बनाउनको निम्ति, खुशी बनाउनको निम्ति, समृद्ध बनाउनको निम्ति अत्यन्तै मेहेनत र कोशिस गरेर २ अरबको ऋण लिएर ३४/३५ अरबको बजेट प्रस्तुत गरिसकेको छ । म सरकारको यो आँट, सरकारको यो उद्देश्य, सरकारको यो सकारात्मक सोचप्रति म सकारात्मक समर्थन गर्न चाहन्छु । गाउँघरमा एउटा भनाई छः **विद्या अध्ययन** गर्दा, बाटो काट्दा, केही निर्माण **कार्यहरु** गर्दा सुस्तैसुस्तै पूरा हुन्छ भन्ने भनाई छ तर मेरो विचारमा नेपाली समाज त्यो पक्षमा छैन जस्तो मलाई लाग्छ । त्यसकारणले नेपाली जनताको चाहाना, नेपाली जनताको अपेक्षा, यो प्रदेशको **जनताको** अपेक्षा अनुसार **हामीले** काम गर्नु पर्छ भन्ने मलाई लाग्छ । भनाई छ : 'आफू बसेको ठाउँ बलियो बनाउन सक्यो भने आफू बसेको ठाउँ आफै सुन्दर बनाउन सक्यो भने आफू टेक्ने ढुङ्गा बलियो बनाउन सक्यो भने साँच्चीकै रूपमा उसले जम्प गर्न सक्छ वा ऊ सुरक्षित हुन्छ ऊ सुरक्षित भएपछि मात्र अरूलाई सुरक्षित **गराउने** हो । त्यसकारण म यो सरकारलाई के निवेदन गर्न चाहन्छु भने सभामुख महोदय, राजधानी राम्रो बनाउन सक्यो भने मात्रै यो बजेटमा आएको नजिकको साना सिटिलाई सेटलाइट शहर बनाउन सकिन्छ । यो शहर, यो राजधानी साँच्चीकै रूपमा स्मार्ट बनाउन सक्यो भने सबै विशेषताहरू पुऱ्याउन सक्यौं भने मात्र तपाईंको हामीले सोचेको **अरु** शहर **हुन सक्छ** होला जस्तो मलाई लाग्छ त्यसकारण म सभामुख मार्फत सरकारलाई विशेष जोड दिन चाहन्छु कि यो गण्डकी प्रदेशको राजधानीमा सरकारको ध्यान अझै बढी जानु पर्छ भनेर म आग्रह गर्न चाहन्छु । अर्को कुरा महानिधिवक्ता यो धेरै कानून निर्माण गरेर यो नीति तथा कार्यक्रम **विनियोजन** विधेयकको सिद्धान्त र प्राथमिकता, उद्देश्य, हामी सबै **कुरा** पूरा गर्दै पटकपटक हामी बजेट भाषणमा आई पुगेका छौं । **त्यसकारण** धेरै राम्रो काम गरेको छ । धेरै राम्रो सल्लाह

दिएको छ तर एउटा सुझाव के दिन चाहन्छु भने अझै पनि मेहेनत गर्नु पर्छ कि स्थानीयह **तहको पदाधिकारीको** सेवा सुविधाहरू प्रति कतै गुनासो आएको सुन्छु । त्यसैले यो हाम्रो कमजोरी त्यहाँ नेर भएको कि भन्ने मलाई लाग्छ । अर्को कुरा नीति तथा योजना पटपटक नीति तथा योजना यति राम्रोसँग आको छ मैले त बारम्बार भन्दै आएको छु । यो अब्बल छ, यो प्रदेश नीति तथा कार्यक्रम **ल्याउने** कुरामा, योजाना तय गर्ने कुरामा, सिद्धान्त ल्याउने कुरामा तर कार्यक्रम किन होला भने जस्तो परिणाम आउन सकेन भन्ने कुरा सबैको गुनासो छ त्यसैले त्यसमा पनि जोड दिनु होला भन्ने म अनुरोध गर्न चाहन्छु । अर्को कुरा भौतिक पूर्वाधार साह्रै राम्रो काम गरेको छ । निर्वाचन क्षेत्र सडक, **रणनितिक महत्वको** सडक र स्थानीय **तहको केन्द्र** जोड्ने सडक । यो क्रमागत योजना छ तर म फेरि सुझाव के दिन चाहन्छु भने धेरै योजना ल्याएर **मात्र** हुँदैन सभामुख महोदय, प्रदेश गौरवको योजना ल्याउन सक्यो भने अलि ठूला **महत्वकाँक्षी** योजना ल्याउन सक्यौं भने मात्र तपाईं हामी गन्तव्यमा पुग्न **सक्छकी** हामी १०/२० हजार देखि १० करोड १२ करोड सम्मको योजना छुट्याएको देख्छौं । हामी चाङ ल्याएको देख्छौं । त्यसैले त्यसमा अलिकति भोलिको दिनमा **सोध्नुपर्ने** हुन्छ कि ? अर्को कुरा आर्थिक मामिला, आर्थिक मामिलामा म हामीले अवलम्बन गरेको आर्थिक नीति यो वित्तिय संसारको सबैभन्दा **उत्कृष्ट** आर्थिक नीति हो । म प्रश्न गर्न चाहन्छु : तर फेरि अर्थमन्त्रीज्यूले बढो मिठोसँग यो सदनमा जवाफ दिनु भएको छ कि उहाँको जवाफको तिन नं. बुँदा १ देखि बुँदा १२ ले स्पष्ट बनाएको छ । मलाई हिजोसम्म धेरै प्रश्न गर्न मन लागेको थियो । **त्यो** हेर्दा मलाई साह्रै खुशी लागेको छ । अर्को कुरा जुन मुख्यमन्त्री जलवायु मैत्री नमुना कृषि गाउँ असाध्यै राम्रो छ तर म के आग्रह गर्न चाहन्छु के निवेदन गर्न चाहन्छु भने यो गाउँघरमा भन्ने गर्छन् नि 'मियो राम्रो भएपछि सबै कुरा राम्रो हुन्छ ।' मियो राम्रो छ, सबै कुरामा दक्ष छ सबै कुरामा सक्षम हुनुहुन्छ तर यो प्रदेशले भन्या जस्तै हामीले सोच्या जस्तै मुख्यमन्त्रीले सोचे जस्तै काम हुन सकेन कि ? हाम्रोमा पनि कमजोरी भयो कि ? हामीले कुनै सहयोग गर्नु **पर्ने हुन्छकि** भन्ने मलाई लाग्दछ । त्यसकारण म सबै भन्दा राम्रो कुरा के हो भन्दाखेरी प्रशासन वा कर्मचारी साथीहरूबाट पनि अलिकति बढी सहयोग **दिनपर्छकि**, सहयोग गर्दै आएको छ । मलाई एउटा उदाहरण भन्न मन लागेको छ, म एक जना साथीले विदेश भ्रमणमा लगेर गएको थिएँ । त्यहाँ एउटा मानिसले धन्यवाद !

## माननीय सभामुख-

माननीय सदस्य श्री प्रकाशचन्द्र दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु । **त्यसपछि माननीय सदस्य श्री दिपक कोईरालालाई।**

## माननीय सदस्य श्री प्रकाशचन्द्र दवाडी :-

सभामुख महोदय, कोभिड-१९ बाट मृत्यु हुनुभएकालाई हार्दिक श्रद्धाञ्जली र उपचार गराई राख्नु भएकोलाई सम्पूर्णलाई स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । मलाई लागेको छ आज यहाँ धेरै कुरा त आइसक्यो तैपनि सभामुख महोदय, आज माल्दिभस, **दुवई**, कतारबाट आएका नेपालीहरूको लागि नेपालमा ल्याइयो तर गण्डकी प्रदेशको नाममा छुट्याइएको होटलबाट अलि बजेट जस्तै गरेर नेपालीलाई पिसिआर गर्न १५ हजार लाग्छ र ४ हजारको कोठामा बसेर बिचल्ली भाको छ सभामुख महोदय। **त्यो** म सरकारलाई ध्यान आकर्षण गराउन चाहन्छु । यहाँ आज महेश अधिकारी लगायतको साथीहरूको विचल्ली भाको छ काठमाण्डौंमा गण्डकी प्रदेशले त्यो किन वास्ता गरेन भन्ने कुरा म सरकारलाई ध्यान आकर्षण **गर्न** चाहन्छु । आज फेरि कता मलाई लागेको थियो आज राम्रो किताब आयो कि जस्तो मलाइ लागेको थियो सभामुख महोदय, यहाँ किताबको कुरा धेरै चर्चा भइसक्यो मैले नि धेरै चर्चा गरिसकें तर मलाई अनुभूति भएको छ । किताब त आयो मलाई ढोकाबाट आउछ कि जस्तो लागेको थियो सभामुख महोदय, फेरि झ्यालबाट आउछ कि जस्तो लागेको थियो सभामुख महोदय तर हेर्दै जाँदा पकेटबाट आएको जस्तो महशुस भएको छ सभामुख महोदय यो किताब । यो आज यो किताब जनताको घर दैलोमा पुग्ने माननीयज्यूहरूको आशा र आकांक्षा विपरित सोच भन्दा विपरित आएको अनुभूति भएको छ । यो किताब कहिले रातो, कहिले सेतो हिजो अस्ती बाहिर टेबुलबाट बाँडेर धेरै माननीयज्यूहरूले पाउनु भाको छैन । बाँडेर अलिअलि मिसाएर अलिअलि तिरेमिरे बनाएर रातो बनाएर आएको महशुस भाको छ । म सरकारलाई धन्यवाद दिन चाहन्छु । आज मलाई यस्तो पनि लागेको छ सभामुख महोदय, किनभने सरकार यही हामीले सोधेको जिज्ञासामा अर्थमन्त्रीज्यूले एउटा मिठो जवाफ दिनुभएको थियो मलाई ख्याल आउँछ के जवाफ असोजसम्मको लागि हो यो बजेट भन्नु भाको थियो । मलाई अलिकति सोच्दा पनि के होला जस्तो महशुस भाको थियो र गएर धेरै किताबहरू हेरें । किताबमा हेर्दै जाँदा के कुरा अनुभूति भयो भने हैन त्यो बजेट त असोजलाई मात्रै हो । फेरि पनि उहाँले असोज पछि अर्को किताब पनि ल्याउने हो कि भन्ने महशुस पनि भाको छ मलाई किनभने कोरोना नियन्त्रण असोजमा भैसक्छ र कोरोना नियन्त्रण भएपछि अर्को किताब ल्याउनु पर्छ भन्ने एउटा आभासमै सरकारमा बस्ने मन्त्रीज्यूहरूलाई भाको हो कि भन्ने मलाई कता फिलिङ

भाको छ सभामुख महोदय, यहाँ किताब कै मात्र कुरा आउँछ । आज किनभने त्यो **किताबको कुरा** हामी सबै शीर्षकमा छलफल गर्दै छौं । म आतुर भए किताब लिएर गएर घरमा पढ्दा त्यो किताबमा के देखियो भने सभामुख महोदय, मैले भित्र धेरै चोटी पढें पढ्दा मलाई एउटा अनुभूति के भयो भने आज गण्डकी सरकार १२, **१४ हजार**, २० हजार बाँडेर बस्ने सरकार **रछ** ओ हो भनेर सोच्दाखेरी **फेरी** किताब पल्टाएर अगाडि हेर्दा कता हैन कि भनेर सोच्दै थिएँ साँच्चै हेर्दा त गण्डकी प्रदेश नै रछ । मलाई कता नै वडा कार्यलय हो कि भन्ने अनुभूति भएर म फर्केर किताब बन्द गरेर सुतें सभामुख महोदय । यो सरकार गण्डकी प्रदेशको सरकारले साना कुरामा अलमलिएर साना कुरामा बसेर जनताको विकास र जनतालाई परेको दुःख र समृद्धि हुँदैन **जस्तो लाग्छ** सभामुख महोदय, यसलाई ध्यान दिनु पर्छ जस्तो मलाई लागेको छ । सभामुख महोदय, हामीले योजनाका बारेमा धेरै भनेका छौं धेरै माननीयज्यूहरूले भनिसक्नु भयो । आज **मध्यकालिन** खर्चको बारेमा मैले केही भन्न चाहें **मध्यकालिन** खर्च **संरचनाको लागि** आगामी वर्ष ४३ अर्ब **७६** करोड बजेट ल्याउने अनुमान गरेको थियो । बजेट ३४ अर्ब आएपछि सांसदमा हामीले कुरा उठायौं सभामुख महोदय, यो बजेटको आधार खोज्यौं केही दिन अघि अर्थमन्त्रीज्यूले आगामी वर्षको बजेटमा उठेका प्रश्नको जवाफ दिने क्रममा मध्यकालिन खर्च संरचनाको ३८ अर्ब **मात्र** अनुमान गरेर बताउनु भयो । **आधार** वर्ष २०७५/२०७६ लाई मानेर निकालिएको खर्च संरचना कहिले फेरियो सभामुख महोदय ? र यो बजेट अनुमान ३८ अर्बमा कहिले झरेको हो सभामुख महोदय ? त्यसको स्पष्ट जवाफ सदनमा दिनुपर्छ सभामुख महोदय, आज नत्र संघको पूर्वमन्त्रीले भन्नुभाको थियो मलाई ख्याल आउछ सभामुख महोदय, जनतासँग मलाई **हेप्नी** भनेर भन्नुभाको थियो । फेरि हामीलाई एउटा अनुभूति हुन सक्छ सभामुख महोदय, हामीले पनि सरकारमा बस्ने साथीहरू ढाट्ने भन्ने दिन नआओस् सभामुख महोदय, हामीलाई त्यो फिलिङ भएको छ । सरकारले प्रष्ट जवाफ दिनुपर्छ सभामुख महोदय, त्यो मैले अनुभूति पाएको छैन । त्यसैले आज जस्तो गलत तथ्याङ्क आएपनि **पेश** गर्नुहुन्छ सरकारमा **बस्नेले** तथ्याङ्क राम्रारी हुर्नुपर्छ जस्तो मलाई अनुभूति भएको छ । होला आगामी वर्षमा योजनाहरू तलमाथि भएका छन् सरकारलाई नि गाह्रो छ होला हामी प्रतिपक्षको त भन्ने चलन छ सधैं विरोध मात्रै गर्छ भनेर तर हामी प्रतिपक्षमा बस्नेले विरोध गरेका छैनौं **हामीले संयम रुपमा** सालिन रूपमा यो भएन भनेर सुझाव दिएका छौं । त्यो सुझाव कहिल्यै पनि मानिएन सभामुख महोदय, सल्लाह मान्नु पर्दैन विपक्षमा बस्ने साथीहरूको ? एउटै सदनमा बसेका साथीहरूलाई सुझाव दिएको एकचोटी आज बोलिन्छ जवाफ दिने बेलामा अस्पष्ट जवाफ दिइन्छ तर यो जवाफलाई

प्रष्ट गरिदिनुहुन आग्रह गर्छु र म हाम्रो गोर्खाको **चुमनुभ्री सँधै** राष्ट्रवादका कुरा गर्ने हामी कालापानी, लिपुलेक, **लिम्पीयाधुराको** कुरा गर्छौं नक्सामा आइसक्यो तर गण्डकी प्रदेशको निशान गण्डकी प्रदेशको साँध **चुमनुभ्रिको** रुइला भन्ने वडा नं. १ **चुमनुभ्रि** गा.वि.स.को वडा नं. १ ले १७० घरधुरी चाइनाले लगिसक्यो सरकारले के हेरेर बसेको छ सभामुख महोदय, कमसेकम सदनमा कुरा उठाइ सकेपछि त्यसको खोजतलास गर्नु पर्दैन ? गण्डकी प्रदेशभित्र परेको त्यस्तै मुस्ताङको केही भागहरू दुई दिन हिँडेर जाने त्यो भाग पनि चाइनाले कब्जा गरिसकेको छ सभामुख महोदय, तर मैले आज यो किन उठाएको छु भने आजसम्म हामी धेरै कुरा गर्छौं स्वास्थ्यका कुरा गर्छौं, **जग्गाको** कुरा गर्छौं **आको** कुरा गर्छौं गाको कुरा गर्छौं तर यी कुरालाई **पनि** ध्यान दिनुपर्छ भन्ने कुराहरू पुनः राख्दै यस सदनमा हामीले जवाफ दिएको, हामीले बोलेको, सरकारले बोलेको, हामीले प्रश्न गरेको कुराहरू स्पष्ट रूपमा जवाफ चाहिएको छ । मेरो अनुरोध छ स्पष्ट जवाफको माग गर्दै यो बजेट कार्यन्वयन गर्न कमसेकम ३ महिनाभित्र **कार्यविधि** तयार होस् भन्दै पनि तपाईंहरूलाई शुभकामना दिन चाहन्छु धन्यवाद ! जय नेपाल !

## माननीय सभामुख-

मानननीय सदस्य श्री दीपक कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु । **त्यसपछी माननीय सदस्य मणिभद्र शर्मा ।**

### मानननीय सदस्य श्री दीपक कोइराला:-

माननीय सभामुख महोदय, हामी **विनियोजन** विधेयक **२०७७** माथिको छलफलमा छौं । **मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,**आर्थिक मामिला तथा **योजना मन्त्रालय,** भौतिक पूर्वाधार विकास मन्त्रालय, मुख्य न्यायाधिवक्ताको कार्यलय **तथा** प्रदेश नीति तथा योजनाको कार्यलयसँग सम्बन्धित विनियोजन माथि हामी छलफलमा छौं । धेरै विषयहरू आएका उठेका हामी लगातार बजेटको नीति सिद्धान्त र प्राथमिकता देखि **विनियोजन** विधेयकसम्म लगातार एउटै **विषयसँग** सम्बन्धित धेरै कुरामा नै छलफल **गरिरहेका** छौं । यद्यपि अघिल्ला भनाइहरूमा या अघिल्लो छलफलको **क्रममा** पनि **धेरै** यिनै विषयहरूसँग

सम्बन्धित रहेर नै राखेको छ भन्ने **लाग्दछ।** सर्सर्ती हेर्दा मुख्यमन्त्री तथा मन्त्रीपरिपरिषद्को कार्यलयमा **विनियोजित** भएका **रकमहरु** या कुनै पनि शीर्षकमा यी सबै मन्त्रालयसँग सम्बन्धित रहेका विनियोजित बजेटहरू या नीति तथा कार्यक्रम **बजेटलाई** हेर्दा अब यसपालिको विशिष्ट जुन अवस्थामा हामी छौं त्यो सबै अवस्थालाई हेर्दा हामीले सोचेजस्तो हामीले भनेजस्तो र हामीले खोजेजस्तो सबैले चाहेजस्तो विनियोजन विधेयक या सोचेजस्तो विनियोजन हुन सक्ने सम्भावना पनि थिएन र त्यो भएन पनि जस्तो मलाई **लाग्दछ** । धेरै माननीयज्यूहरूले कुरा उठाइराख्दा तैपनि त्यो सबैको बीचबाट यसलाई आजको आवश्यकता र सापेक्षतामा जे जसरी यो विनियोजन आएको छ मलाई लाग्छ यसले जुन ढङ्गले पुराना कार्यक्रमहरूको निरन्तरता र मुख्यमन्त्री तथा मन्त्रीपरिपरिषद्को कार्यलय, आर्थिक मामिला र यता भौतिक पूर्वाधार मन्त्रालयसम्मको कुरालाई सर्सर्ती हेर्दा यसले हामीलाई हाम्रा अघिल्ला हुन त मैले नीति **कार्यक्रमको** बेलामा पनि भनेको थिएँ। सरकारले नीति कार्यक्रम १ वर्षको लागि मात्रै बनाउने होइन यद्यपि त्यसको संवैधानिक व्यवस्था छ त्यसकारण हामी हरेक वर्ष नीति कार्यक्रम प्रस्तुत गर्छौं तर सरकारले २०, २५, ३०, ५०, १०० वर्षसम्मको लागि पनि अर्थ राख्ने गरी नीति कार्यक्रम ल्याई राखेको **हुन्छ** । त्यसकारण अघिल्ला हाम्रा बजेटहरू **विनियोजनहरुलाई** समावेश गर्नु र आजको विशिष्ट परिस्थितिलाई पनि त्यसमा सभागी गराउँनु निकै चुनौतिपूर्ण कार्य थियो र त्यसलाई निकै जटिलापूर्ण कार्य थियो त्यसलाई समायोजन **गरेको** पनि म यो विनियोजनका शीर्षकहरूमा **देख्दछु** । मुख्यमन्त्री कार्यलयमा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम, प्रदेश विकास प्राधीकरणसँग सम्बन्धित कार्यक्रम, कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धिसँग सम्बन्धित कार्यक्रम, प्रदेश विकास प्राधीकरणको स्थापना **सञ्चालनको** कार्यक्रम, एक्सन रुम जिल्ला समन्वय समितिलाई पनि यो अनुगमनको कार्यमा सहभागी गराउने जस्ता महत्वपूर्ण कार्यक्रमहरू महत्वपूर्ण शीर्षकहरू यो विनियोजन विधेयकको यस शीर्षकमा आएको छ। बजेटहरू मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यलयमा कार्यक्रमहरू छन् यिनले प्रदेश सरकारलाई व्यवस्थित रूपले सञ्चालन गर्न महत्वपूर्ण योगदान गर्दछ भन्ने ठान्दछु, यि सबै शीर्षकहरूको बाबजुद एउटा सानो शीर्षकमा मेरो आँखा गयो । **त्यसमा** मैले लगातार उठाउँदै आएको हामीले अलि परम्परावादी ढङ्गले बजेटहरू निर्माण गरिराख्छौं कि भन्ने बजेट ठूलो त होइन तर त्यहाँ एउटा शीर्षक के रैछ भने जस्तो कि सवारी साधनको पुजा गर्नको लागि ५ लाख रूपैयाँ छुट्याइएको रैछ अब खास बजेट त यो ठूलो होइन ५ लाख रूपैयाँ यो **सिङ्गो** बजेटबाट तर मलाई खाली भन्न खोजेको कुरा के हो भने हामीले

जहाँ जसरी जे-जेमा आस्था राख्छौं १००, ५० खल्तीबाट झिकेर पुजा गरिहाले पनि हुने सवारी साधनको पुजा गर्नको लागि मात्रै हामीले बजेट छुट्याइरहने यस्तो खालको चाहिँ हाम्रो परम्परावादी खालको सिस्टम अगाडि बढाइ राख्ने हो भने यसले पनि हामीलाई ठीक ठाउँमा पुऱ्याउँदैन कि भन्ने ठान्छु । बजेट ठूलो होइन ५ लाख रूपैयाँको हो गाडी पुजा गर्ने हो तर **खैर त्यसले** ठूलो अर्थ राख्छ कि भन्ने मात्र म भन्दछु । हामीले मैले कार्यशैलीको बारेमा, बजेट निर्माणको बारेमा पनि मैले धेरै पटक यो कुराहरू उठाउँदै आएको छु त्यसकारणले यस्ता कुरालाई अलि करेक्सन गर्नुपर्छ जस्तो लाग्छ । अर्को निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमलाई यस पटक उत्पादन र रोजगारीसँग जोड्न जरुरी छ किनकि हामी सबै फेरि विकास निर्माण भन्ने वित्तिकै हामीले हामीलाई त सजिलै छ तैपनि बाटो घाटो, पुलपुलेसा यी **सवै** निर्माण कार्यहरू **जे** जति कार्यहरू हाम्रो भौतिक पूर्वाधार मन्त्रालयले गरिराखेको छ त्यसैमा हामी थप्दै जान्छौं तर त्यसलाई यस पटक कोभिडको विशेष अवस्था पनि छ त्यसलाई सम्बोधन पनि गरेको छ हाम्रो नीति कार्यक्रम बजेटले **यसपटक** त्यसलाई उत्पादनसँग र रोजगारीसँग र नीजि क्षेत्रसँग पनि सहकार्य गर्न सकिन्छ यदि काहीबाट भने यसलाई **सहकार्य गरेर जाँदा** राम्रो हुन्छ भन्ने कुरा म राख्न चाहन्छु यसलाई कार्यविधिमा यसलाई यसरी आओस् भन्ने कुरा मेरो भनाई हो । आर्थिक मामिला मन्त्रालयमा यो उद्यमीलाई पुँजीबजार सम्बन्धी तालिम देखि लिएर धेरै विषय यसले धेरै तालिम गोष्ठि आदि इत्यादिमा धेरै कुरा गरेको छ **यद्दपी**यसले कामहरूको समायोजन गर्ने हो । यसले महत्वपूर्ण नै अर्थ राख्दछ भन्ने लाग्दछ । यसबाहेक संक्रमित तथा सरुवा रोग अस्पताल कोभिड लगायतका माहामारी विपत नियन्त्रणको जस्ता यस्ता कुराहरू महत्वको पक्षहरू हुन् जस्तै त्यो बाहेक मैले पनि उठाउँदै आएको सायद समितिको तर्फबाट पनि उठाउँदै आएको । हाम्रो आन्तरिक राजस्वको वृद्धि गर्नु पऱ्यो भन्ने कुरालाई सम्बोधन गर्दै जलविद्युत र खानीमा लगानी गर्ने प्रदेश सरकारको आन्तरिक आम्दानी वृद्धि गर्न खोजे जस्तो देखिन्छ यो एउटा राम्रो पक्ष हो तर यसलाई अझै ठोस र अझै छिटो उपलब्धी मूलक ढङ्गले अगाडि जान सक्ने कुराहरू गर्नु पर्दछ जस्ते लाग्दछ । अर्को मैले यो स्वास्थ्यसँग सम्बन्धित शीर्षकहरू यो सम्बन्धित विभागीय **मन्त्रालयको** शीर्षकमा आउँदा राम्रो हुन्थ्यो कि भन्ने मलाई लागिरहेको छ । खै त्यसको सिद्धान्त अझै के हो म धेरै नबुझेको पनि हुन सक्छु । भौतिक पूर्वाधार मन्त्रालयमा आउँदा हामीले जुन पुराना कामहरूको निरन्तरता खोजिराखेका थियौं । ती कामहरू निरन्तरतामा नै आएका छन् । यो निर्वाचन क्षेत्र नमुना सडक या **रणनितिक** सडक या गाउँपालिकासम्म पुग्ने सडक यस्ता धेरै जे कामहरू खानेपानीको कुरा होस् या आधारभूत खानेपानीको कुरा होस् या सिँचाइको कुरा होस् या

उज्यालो प्रदेश यी सबै **कुराहरु जे** ढङ्गले यसमा समायोजन गर्न खोजिएको छ यो सही नै छ जस्तो मलाई लाग्छ। प्रदेश नीति योजना आयोग र मुख्य न्यायाधिवक्ताको कार्यलयले आ-आफ्ना कामहरू **गरिरहेका** छन् त्यसमा मेरो खासै टिप्पणी छैन । त्यसमा कि यस्तो लामेआल पृथ्वीचोकको कुरो उठेको छ या **अन्तराष्ट्रिय** सम्मेलन केन्द्रको यसो गर्दा खेरी जस्तो २ वटा बसपार्कको नाममा १ करोड रकम छुट्याइएको छ त्यसकारणले हुन त यो महानगरसँग यसको सहकार्य गरिन्छ भनिन्छ तैपनि यसलाई अलि समयमा नै पुऱ्याउने गरी बजेट शीर्षकको जुन शीर्षक अनुसार बजेटहरू मिलेन कि भन्ने मेरो भनाइ छ यसमा मेरो केही सुझावहरू के छ भने जस्तो हामीले समयमा खर्च गर्ने कुरालाई ध्यान दिने कुरा बजेट सापेक्षित रूपमा समुचित वितरण र न्यायचित वितरण हुन सकेन कि भन्ने कुराहरू पनि आइराखेको छ म अर्को कुरा के राख्छु भने मैले उठाउँदै आएको **जस्तो वजेटको** सिद्धान्त र प्राथमिकता सरकारको नीति तथा कार्यक्रम, बजेट वक्तव्य विनियोजन शीर्षक, रातो किताब वा कार्यक्रम र बजेट बीचको **समायोजन** अझै राम्रोसँग हुन सकेन कि ? भन्ने कुरामा म यस पटक पनि यो सबै कुरालाई हेर्दाखेरी त्यति ठीक ढङ्गले समायोजन हुन सकेन भन्ने लाग्दछ। र म अन्तिममा के कुरा **राख्छु** भने हाम्रो काम गर्ने कार्यशैलीमा परिवर्तन हुनुपऱ्यो भनेर अघिल्लो भनाईमा भन्दै गर्दा मलाई समय अझै पुगेको थिएन । यत्ति कुरा भन्छु हामी पेपर ओर्क देखि **पेपर वर्क** सम्म नो फिल्ड **वर्क** हामी उद्घाटन देखि शिलान्याससम्म नो टेबल **वर्क गर्ने हो भने पनि** हामीसँग भएका कार्यक्रमहरूले पनि सही ढङ्गले उपलब्धी हासिल गर्न सक्दैन यो कुरालाई विशेष ढङ्गले विनियोजित रकम विनियोजित शीर्षकमा मेरो भनाईहरू राख्दै गर्दा यो विनियोजित शीर्षकहरूको कार्यन्वयनको क्रममा यी कुरालाई विशेष ढङ्गले ध्यान पुऱ्याउनु पर्दछ भन्ने **राख्दछु।** धन्यवाद ! नमस्कार !

## माननीय सभामुख-

माननीय सदस्य श्री **मणिभद्र** शर्मालाई छलफलमा भाग लिन समय दिन्छु। **त्यसपछि माननीय सदस्य श्री कृष्ण थापा।**

## माननीय सदस्य श्री मणिभद्र शर्मा :-

सभामुख महोदय, हामीलाई आज छलफलमा दिएका शीर्षकहरू मध्ये मुख्य न्यायाधिवक्ताको पनि रहेछ त्यहाँ दुई वटा राम्रा कुराहरू देखें मैले । एउटा स्थानीय तहहरूकालाई सशक्त

बनाउने मैले यसमा के अनुरोध गर्न खोजे भने ती स्थानीय तहका **हाम्रा** प्रमुख, उपप्रमुख साथीहरू भोलिका दिनमा कानूनको अज्ञानताका कारणले सजगताका अभावका कारणले नफसुन यो मन्त्रालयबाट त्यति आशा गर्नै पर्‍यो र अर्को बुँदा रहेछ हामीलाई पनि एकदम सशक्त बनाउने समृद्ध कानूनहरू त्यहाँबाट आउन् कानून मसौदाको जिम्मा रहेछ त्यहाँ बजेटले पनि **त्यहि** जिम्मा लगाएको रहेछ । त्यहाँबाट आउने ती मसौदाहरू अलि समृद्ध भएर आउन् । ताकि हामीले पनि धेरै छलफल, समय **र दिमाख** खर्च गर्न नपरोस् त्यो शुभकामना दिन चाहन्छु । यो लोकसेवा आयोगको गर्भाधारण भएको छ । लामो प्रसव बेदना छ । त्यो बच्चा ठीक **सँग** जन्मियोस् डेलिभरी राम्रो होस् **भन्ने** शुभकामना दिँदै त्यो जन्मिएको बच्चाले अहिले सरकारले व्यवस्थापन गरेको **सामुल तामुल** राम्रोसँग उपभोग गर्न **पाओस** भन्ने शुभकामना दिन चाहन्छु । मुख्यमन्त्रीजीको चाँसो र चिन्ता मैले गत साल एउटा विधेयक आको थियो । सुशासन सम्बन्धी विधेयक यो किन चाहियो सुशासन सम्बन्धी विधेयक यो त काम गरेर **अनुभुत** गराउने **विषय हो भनेर सभामुख ज्यूसँग** अनौपचारिक कुरा पनि गरें मैले किताब पल्टाएर हेर्दा खेरी त्यहाँ के व्यथा देखियो भने मन्त्री र सचिवहरूले उहाँलाई अलिकति सहजीकरण नगरिदिएको हो कि त्यसलाई अलिकति ठीकठाक पार्छु भनेको हो कि जस्तो त्यहाँ बुँदाहरू देखियो साँच्चै **मुख्यमन्त्रीलाई** त्यो अप्ठ्यारो परेको भए **त** त्यसलाई छिटोछिटो पास **गर्दिमे** त **भनेर** प्रतिपक्षले पनि **असाध्य** चाँसो राखेर त्यसलाई छिटोछिटो हामीले पास गरेर पठायौं । त्यसको अनुभूत अब आउने दिनहरूमा हामीले प्राप्त गर्न सकौं यो ९, १० महिनामा **त्यस्तो** पाइएन त्यो **आशा पनि** हामीले गरेका छौं र अहिले मुख्यमन्त्रीजीको अलिकति चाँसो केही बजेट शीर्षकहरू आफैंले चलाउन खोजेजस्तो प्राधीकरण आफै लिन खोजे जस्तो र त्यस्तो त्यस्तो पनि देखियो । यो प्रदेश भित्र ठूलो संकट आइराखेको छ । भ्रमण खर्च १ करोडको छ । विशिष्ट मान्छेहरूले भ्रमण गर्ने खर्च अब धेरै नडुल्नु पर्ने हो कि यो बेला **त्यस्तो हुन्थ्यो** कि ? यसले मितव्ययितातिर अलिकति अप्ठ्यारो पार्छ कि अब मुख्यमन्त्रीज्यूलाई अनुरोध सम्म गर्नु पर्‍यो । विरोध गर्नु भएन यति चाहिँ अनुरोध गरें **मैले** । यहाँ नेर यो प्राधीकरणमा १० करोड पैसा **अहिले** राखिएको छ भोलि हामीलाई यो **स्थानान्तरण** गर्न कस्तो पर्ने हो कुन्नी मैले अस्तिनै पनि यो प्राधीकरण चाहिने होइन है यो संरचना माथि संरचना भनेकै हो । अब यसमा फेरि धेरै बोल्दा खेरी **फेरी** खाली प्रतिपक्षले विरोधगर्‍यो भन्ने सत्ता

पक्षकाले **भन्दिए त हुन्थ्यो** अलिअलि त भन्न थाल्नु भाछ अब त्यसपछि गएर यो आर्थिक मामिला मन्त्रालयमा बुँदा नं. ३०, ३६ तिर हो क्यारे त्यहाँ **भैपरी** आउने खर्च १७० करोड राखेका छ । खर्चहरू ठूलठूलै छन् । अब त्यो जता पनि गुमाउन मिल्ने यो बजेटका सिद्धान्तले त्यस्तो अनुमति दिन्छ कि दिन्न ? अब यो के के हो अलि जानकारहरू सित एकपट छलफल गर्नुपर्ने हो कि मलाई लाग्छ र विभिन्न योजनाहरूमा शेयर राख्ने कुराहरू पनि यहाँ आएको छ । यो सदनलाई अलि पारदर्शी ढङ्गले त्यस्ता कुरा छलफल चलाइदिनुहुन पनि अनुरोध गरें मैले । यहाँ यो विद्युत योजनाहरूलाई पैसा दिने भन्ने कुराहरू पनि मैले देखें । यो बजेट निर्माण गर्दै गर्दा मलाई के लाग्छ भने दुईटा पक्ष छन् यहाँ एउटा पक्ष हामीले वृद्ध भत्ता आदि आदि यस्तै **यस्तै अब** अहिले त कोरोनाका विरामीहरूको हेरचाह गर्ने कि सोसियल वेलफेरसँग जोडिएका छन् यी **वाध्यात्मक** हुन् । यि गर्नै पर्छ गर्ने नै हो **त्यो** ठीक छ । **त्यसमा न्यायोचित** ढङ्गले होस् **तदारुकताका ढङ्गले** होस् वाग्लुङको गलकोटमा अस्ति एउटा बुटवल गएर आएको मान्छेलाई होम **क्वारेन्टाइनमा** पठाएछ त्यहाँको नगरिपालिका र त्यहाँको सुरक्षा **अङ्गले** । १ महिना **पछि उहाँलाई चाँहि १५** दिनपछि होमक्वारेन्टाइन्डबाट स्वाव टेष्ट गरिएछ । अर्को १५ दिन पछि रिजल्ट **गएछ** । उहाँको त्यो पोजेटिभ रिजल्ट आयो तर उहाँ चाहिँ होम **क्वारेन्टाइनमा** गाउँभरी डुल्नुभएछ । अहिले त्यहाँ तवातवा छ । यी सोसियल **वेलफेयरका** बजेटहरू अलि ठीक ढङ्गले तदारूपताको साथ काम गरेर अरू थप समस्या सिर्जना नहुन् त्यस तर्फ यो सुशासन प्रत्याभूत होस् भन्ने अनुरोध गर्दछु र अर्को बाँकी बजेटमा **सोसियो** इकोनोमिक्स एनलाइसिस् हुनुपर्छ । यो अर्थ सामाजिक पक्षमा ध्यान दिएर ति बजेटहरू बनाइनु पर्छ । मैले यो भौतिक पूर्वाधार तर्फ धेरै बुँदा र धेरै बजेट भएको र समय छोटो भएको हुनाले मैले त्यसलाई जम्मा एउटा वाक्यमा मात्रै भन्न चाहें **सोसियो** इकोनोमिक्स एनलाइसिस् गरेर बजेट राखिएन भने हामी गन्तव्यमा पुग्न सक्दैनौं । अनि फेरि हामी चाहिँ **एकदमै** गुनासो गर्नुपर्छ । यो कास्की जिल्ला र वाग्लुङ जिल्लामा सत्ता पक्षकै सांसदहरू निकै धेरै हुनुहुन्छ तर उहाँहरूले मन्त्री पाउनु भएन । मन्त्रीमण्डल बनाउँदा त ब्यालेन्स गरेर बनाएका भए हुन्थ्यो धेरै जना सांसदहरू भएपछि जिल्लाबाट झन मन्त्री नै नभाको अवस्था छ । अब त्यो पक्षमा पनि ध्यान दिएर सन्तुलित हुन्थ्यो कि बजेट भन्ने पनि मैले चाहिँ यहाँ मुख्यमन्त्रीज्यूलाई नै अनुरोध गर्नु पर्‍यो । यिनै कुराहरू मैले राख्दै आफ्ना भनाईहरू छोटकरीमा अन्त्य गर्दछु धन्यवाद ! जय नेपाल !

## माननीय सभामुख-

मानननीय सदस्य श्री कृष्ण थापालाई छलफलमा भाग लिन समय दिन्छु । **त्यसपछि** माननीय सदस्य श्री हरिशरण आचार्य।

## मानननीय सदस्य श्री कृष्ण थापा :-

माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७७ को विनियोजित विधेयक माथिको छलफलमा मैले आफ्ना भनाईहरू राख्न गइरहेको छु । सर्वप्रथम मैले भौतिक मन्त्रालयसँग सम्बन्धित कुरा राख्न गईरहेको छु । बलेवा, नारनथान, कैया, कुश्मा पर्वतको एउटा मोटरवेल पुल २०७५ मा ७५ लाख पऱ्यो २०७६ मा ४० लाख पऱ्यो अहिले चाहिँ त्यो पुल बनेरै होला **अथवा** के हो त्यही छैन । यसकारण **मैले यस सन्दर्भमा** के अनुरोध गर्न चाहन्छु त भने जनताहरू दुई प्रकारले ठगिँदा रहेछन् । एउटा त राज्यले वास्तवमा राम्रो नजर नलाउनाको कारणले ठगिँदा रहेछन् । दोस्रो कुरा प्राकृतिक सम्पदाहरूले, प्राकृतिक क्षेत्रहरूले पनि हामीलाई ठग्दो रहेछ । यसकारण मैले यसमा त्यति मात्र अनुरोध गर्न चाहन्छु बनेको भए ठीकै छ त्यसै बाटो हिँडौंला यदि नबनीकन काँटेको हो भने त्यो कस्तो शक्तिले त्यसलाई काँट्न आदेश गऱ्यो र यो प्रभावित भयो ? यति मात्रै मैले क्वइसन गर्न चाहें । अरू केही भन्न चाहिन । अहिलेको बजेटमा धेरै मसिनोसँग पनि हेरियो हेरिसकेपछि मैले यो चित्त बुझाउने तरिका अपनाएको छु **हेर्नुहोस** सबभन्दा पहिले यो विक्रिम्ला नगनीकन मैले बाखा गनेर चित्त बुझाउने कुरा गरें । पहिला त आफ्नो हेर्न पऱ्यो । आफ्नो निर्वाचन क्षेत्रको निर्वाचनको सडकको बजेट हेरें । त्यहाँ ११ करोड ७५ लाख बजेट विनियोजित भएको रहेछ । अनि अर्कोलाई कसरी छुट्याइयो त भनेर मैले हेर्दैहेर्दैहेर्दै जाँदा एउटा सडक मैले देखेँ त्यहाँ । यो बेसी शहर वाग्लुङ पानी, घले गाउँ, भुर्जुङ भन्ने सडक रहेछ हेर्नुहोस् । अनि मैले के भने भने त्यो ११ करोड ७५ लाख छुट्याएको रहेछ त्यसमा थ्याङ्क्यू भनेर चित्त बुझाएँ । अनि अर्को कुरा त्यो एउटा वाग्लुङ पानी पनि भनेर त्यहाँ १५ करोड बजेट छुट्याएको रहेछ । त्यसकारण मैले त्यसरी आफ्नो वाग्लुङलाई जस्तै मानेर चित्त बुझाएँको छु । यसकारण यो बाहेक मैले यस सम्बन्धमा कुरा गर्न चाहिन र मुख्य न्यायाधिवक्ताको कार्यलय सम्बन्धी मैले टिप्पणी होइन धेरै बेसी आलोचना पनि होइन र मैले उहाँलाई के भन्न अनुरोध गर्न चाहन्छु त भने प्रदेश सभामा एकपल्टी यो एउटा कानूनी समस्या पऱ्याथ्यो । हामीले उहाँलाई लिएर कानूनी राय **लिएका** थियौं उहाँले **एक किसीमको** विशेष राय दिनुभएको थियो । त्यो प्रदेश सभाले नी मानेन त्यो चाहिँ गण्डकी

प्रदेश सरकारले नि मानेन । **न्यायधिवक्ताकै** सुझाव नमाने कस्तो किसिमको समस्या आउछ ? यो एउटा **क्वोईस्चन** राख्न चाहन्छु । अर्को कुरा यो तालिम, **गोष्ठि** केके भन्या रहेछ अहिले पनि जिल्लामा धेरै प्रकारका कहि झुटा होलान् कहि साँचा होलान् धेरै मुद्दाहरू अदालतमा कायम छन् र ती वर्षौसम्म फैसला नभएर धेरै नागरिकहरूले दुःख पाएका छन् । एउटा झुटा भएर अर्को तिर लामो प्रोसेस भएको **कारणले** दुःख पाएका छन् यसकारण त्यस्तो विषयमा तालिम दिनु पर्ने भयो त्यहाँ न्यायाधिषलाई दिनुपर्ने हो **अथवा** कोलाई दिनुपर्ने हो त्यो तालिम दिएर यो समस्यालाई निराकरण गरोस् मैले यही कुरा भन्न चाहें र अर्कोतिर म मुख्यमन्त्रीको कार्यलयतिर गएँ । यो निर्वाचन सडक सन्दर्भमा हाम्रो प्रदेशभित्र **राग** छ । प्रत्यक्ष अनि समानुपातिक बीचको **राग** यसकारण मैले के भन्न चाहन्छु त भने हामी मन्त्रालयमा लाएको जुत्ता फाटुन्जेल पनि बजेट नपर्ने रहेछ तर सोझै २ करोड बजेट त आयो नि हामीले बाढ्नलाई । यसलाई सकारात्मै मान्नु पर्छ जुन त्यो कार्यविधि बनाइयो त्यो अलिकति त्रुटिपूर्ण छ जस्तो मलाई लाग्छ र त्यो सच्याउनु पर्छ त्यो त्रुटिपूर्ण के हो त भने **सर्वसम्मतिले** टुङ्ग्याउने भनियो सरकार बन्ने **बहुमतका कारणले**, कानून बन्छ बहुमतका कारणले त्यो निवाचन **सर्वसम्मत** भन्ने **के हो कुन** विधि हो यो ? प्रजातान्त्रिक विधि हो कि ? जनवादी विधि हो ? यसो हुन सक्दैन जस्तो मलाई लाग्छ र त्यति मात्र होइन अर्को फेरि के पनि **त्यहाँ** उल्लेखित गरियो भने विवादजति भए सबै मुख्यमन्त्रीकहाँ आउने । हजुरले यसको टाउको किन दुखाई रहनु पर्‍यो । हैन यसकारण मलाई लाग्छ यो २ वटा विधि सच्याउनु पर्छ मैले यहाँहरूसँग भनें र अर्को तिर प्रदेशका हरेक योजनाहरू फिल्टरमा अथवा के मा जाने गर्‍या छन् र ठेकदारले **छोडेको** रकम त्यही ठाउँमा त्यही स्थानमा किन कार्यन्वयन गरिन्न ? फर्केर यता ल्याइन्छ । त्यो तपाईंहरूले आफूले बाड्न हो कि ? अथवा के हो ? जसलाई दिएको हो त्यसैलाई कार्यन्वयन **गरौंन** ! यो विषयमा पनि मैले यो मन्त्रालयसँग सम्बन्धित कुरा राखें र अर्कोतिर यो व्यवसायिक सुरक्षा कोष भनेर भनिएको छ यो व्यवसायिक सुरक्षा कोष कस्तो व्यवसायिक सुरक्षा कोष हो ? यो स्पष्टता छैन । यसकारण यसलाई पनि अलि क्लियरता गर्न आवश्यक छ र मैले यो धार्मिक, स्वतन्त्रता माथि चोट पुर्‍याउन त मैले खोज्दिन किनभने हामीले संविधानमा धार्मिक निरपेक्षता भनेका छौं र त्यहाँ के भनिएको छ त भने पुजा खर्च भनेर लेखिएको रहेछ । पुजा खर्च भनेर ५ लाख **छुट्टिएको** रहेछ अनि पुजा के गरेर गर्ने रैछ त भन्दा ? मेसिनलाई पुजा गर्ने गरे मैले बुझेको मन्दिरभित्रको देवतालाई होकि यहाँ मेसिनलाई पुजा गर्ने रहेछ । अनि ५ लाख बजेट छुट्याइएको रहेछ । अनि हाम्रो एउटा सडक बनाउन ५ करोड छुट्टिन्छ पुजा खर्च ५ लाख छुट्टिन्छ यो अलि मिलेन कि ? यसकारण मैले यही कुरा

भनें । अर्थमन्त्रालयसँग अहिले अलिकता ट्रेन बदलेर आएको जस्तो मैले देखें । अरू विकासे मन्त्रालय जस्तै यो अर्थमन्त्रालय पनि विकासे मन्त्रालय बन्न खोजेको हो कि ? हैन यो एउटा ट्रेन त्यहाँ छ । नयाँ **ट्रेनले** नयाँ समृद्धि गर्छ भने ठीकै छ तर यो विकासै बाङ्ने भन्ने अर्थमन्त्रालयको यो ट्रेन कुन प्रकारको ट्रेन हो ? यसलाई अलि मैले अनौठो मानेको छु र अर्कोतिर मैले यो विकास बैंक योजना आयोग छ भने विकास बैंक किन ? धन्यवाद !

## माननीय सभामुख-

माननीय सदस्य श्री हरिशरण आचार्यलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय सदस्य श्री हरिशरण आचार्य :-

**माननीय सभामुखज्यू**, हामी ०७७/०७८ को वार्षिक विकास कार्यक्रम, विनियोजित विधेयक यिनै **विषयबस्तुहरुमा** हामी छलफल गर्दै गर्दा हामीले सरकारका विभिन्न अङ्गहरू त्यो भित्र रहेका विभिन्न प्रकारका मन्त्रालयहरू यि सबैका कार्य विभाजन त्यो भित्र रहेका आ-आफ्नो काम, कर्तव्य र अधिकार क्षेत्र यो सबैलाई हेर्दाखेरी मलाई यो सबै आ-आफ्नो तालमा डम्फु बजाएजस्तो अनुभूति हुन्छ । सबैले आ-आफ्नो ढङ्गले चलेजस्तो अनुभूति हुन्छ । आज मैले यसो हेर्दाखेरी मुख्यमन्त्री देखि मन्त्रीहरू आ-आफ्नै त्यही प्रकारमा रमाए जस्तो लाग्छ । कसले कहानेर कसरी आफ्नो निर्वाचन क्षेत्रमा बजेट आफ्नो पहुँचमा सोर्ने भन्ने प्रकारको यही अभियानमा उहाँहरू हुनुहुन्छ भन्ने कुरा आज हामी ३५ अर्बको बजेट विनियोजित गर्दै गर्दा खेरी त्यो विनियोजित गरेको बजेट भित्र एउटा निर्वाचन क्षेत्रमा करिब ९७ करोड बजेट पर्छ **त्यो** ९७ करोड बजेटलाई तपाईं हामीलाई हरौं मुख्यमन्त्रीज्यूसँग म अनुरोध गर्न चाहन्छु । तपाईंको निर्वाचन क्षेत्रमा करिब साढे २ अर्ब बजेट छ । कहाँबाट यदि ३५ अर्ब बजेटमा साढे २ अर्ब बजेट एउटा निर्वाचन क्षेत्रमा हुने हो भने के अरू निर्वाचन क्षेत्र सौतेनी मामिलाका छोराछोरी हुन् ? तपाईं अभिभावक भएको कुरामा ख्याल गर्नु पर्दैन यो सचेतताका साथ हेर्नु पर्दैन ? अनि मैले **समन्यायिक ढंङ्गले** बजेट **विनियोजन** गरेको छु अर्थमन्त्रीज्यू तपाईंको खोक्रो भाषण कतिन्जेल सुन्ने म अनुरोध गर्न चाहन्छु ! हामी के यो **संसदमा** हामी सबै यो ठाउँमा भाडाकुटी खेल्न आएका हौं हामी । हामीलाई एकछिन फकाउनका निमित्त यहाँ **एकछिन** केटाकेटीहरूलाई कथा सुनाए जस्तो भाषण सुन्न आएका हौं हामी ! म अनुरोध गर्न चाहन्छु हामीले साच्चै यो रूपमा **बुझ्ने** हो भने आज म गोर्खा जिल्लाको एउटा प्रतिनिधि गोर्खा **जिल्लाको** प्रतिनिधि हुनुको

नाताले ४ वटा निर्वाचन क्षेत्र छन् । ४ वटा निर्वाचन क्षेत्रमा भौतिक पूर्वाधार मन्त्रीले चाहिँ त्यो गोर्खा जिल्लाको ३ भागको २ भाग बजेट आफ्नो निर्वाचन क्षेत्रमा केन्द्रित गर्नु भाको छ । अनि हेर्दै जाँदाखेरी सबैका आ-आफ्ना पहुँचमा पुग्ने भएपछि अनि मन्त्री नभए के हुने सबैले मन्त्री बन्नका निम्ति तछाड मछाड गर्ने अनि चाकडी र चापलुसी गर्ने **भन्दा** बाहेक अरू के हुन्छ यो मुलुकमा ? अनि यो मुलुकमा अरू नयाँ संस्कारको विकास कसरी बन्छ ? त्यसैले हामी सबभन्दा अगाडि सुशासन र साँच्चै पारदर्शीताका कुरा मुख्य मन्त्रीज्यू तपाईंको कार्यलय अन्तर्गत छ यदि त्यो लागू गर्ने हो भने **तपांईले** २ करोडको गाडी **छोडदिनुहोस** अनि **त्यसपछाडी** त्यो नैतिकताका आधारमा म एक पटक हिम्मतका साथ फेरि मैले एउटा नैतिकताका साथ सबै सांसदहरूलाई सबै अधिकारको सरोकारवालाहरूलाई मैले एकपटक नैतिकताको पाठ **पढाउन** शुरु गरैं भनेर अभियान शुरु गर्नुहोस् म अनुरोध गर्न चाहन्छु । आज हाम्रो मुख्यमन्त्री र अर्थमन्त्रीको **विचमा प्रतिस्पर्धा** चलिरहेको छ तैले यति ठूलो गाडी चढिस् मैले किन नचढ्ने भन्ने एउटा अभियान चलेको छ । मैले यतापट्टि पनि केन्द्रित गर्न चाहन्छु । **प्रतिस्पर्धा** चलिराखेको छ । अनि आज ।

## माननीय सभामुख-

यो व्यक्तिगत आक्षेप **नलगाईकन** विषयमा प्रवेश गर्नु होला ।

## माननीय सदस्य श्री हरिशरण आचार्य :-

**आज** प्रदेश विकास परिषद्को कुरा गरिन्छ प्रदेश विकास परिषद्को कुरा गर्दै गर्दाखेरी मलाई लाग्छ यो प्राधीकरण किन चाहियो मैले अस्ति पनि **कोइस्चन** उठाएको छु । यो खारेज गरियोस् र नीति योजना आयोगलाई नै अधिकार सम्पन्न बनाएर त्यसलाई अधिकार कहाँ कहाँ कति कति नपुगेको हो त्यसलाई कसरी अगाडि बढाउन पर्ने हो त्यो पूरा गरियोस् म आग्रह गर्न चाहन्छु । हामी आज सेता किताब र रातो किताबको कथाहरू धेरै सुनिए सेतो किताबमा आउँदा खेरी मैले यसो हेर्छु मेरो निर्वाचन क्षेत्रमा बजेट आएको छ । त्यो ५ लाखे बजेट ५ लाखे बजेट आएको छ त्यो ५ लाखे बजेटभित्र १५ वटा योजना छ् । अनि त्यही निर्वाचन क्षेत्रभित्र कहाँ कताबाट कसरी राख्नुभयो मलाई थाहा छैन नयाँ ३ वटा योजना छ त्यो ३ वटा नयाँ योजना राख्दै गर्दा खेरी ती योजना चाहिँ त्यो रातो किताब त्यो विकास कार्यक्रम योजनाभित्र पर्ने अनि जुन त्यो अति आवश्यक छ निर्वाचन क्षेत्रको **प्रमुख** सडकभित्र **राख्नु पर्ने** पुललाई उहाँहरूले ५ **लाखेमाँ** राख्नु भाछ अनि अर्को योजना

चाहिँ लिएर गएर ४० लाखमा राख्नु भाछ कति धेरै दुर्भाग्यपूर्ण छ निर्णय ! अनि मुख्यमन्त्री नमुना कृषि गाउँ, सो वातावरण नमुना **मैत्रि** कृषि गाउँको रूपमा छ अहिले जलबायु मैत्री भएर आएछ त्यो **बोर्ड** चेन्ज गर्न पर्ने हो कि के गर्न पर्ने हो हामीलाई थाहा छैन, तर अहिले आएर फेरि त्यो ठाउँमा बजेटलाई केन्द्रित गर्दाखेरी जुन प्याकेजमा गर्नु पर्थ्यो त्यसलाई प्राथमिकता दिने भनेर नीति योजना आयो । नीति योजना **कार्यक्रममा** ल्याउने अनि नीति कार्यक्रममा ल्याउँदा खेरी त्यसलाई खण्डन गरेर अहिले आएर त्यसमा कुनै पनि सिँचाईको योजना त्यहाँ राख्ने सिँचाईको योजना १० लाखको बनाउने अनि अरू सिँचाई आयोजना चाहिँ ५० लाख १ करोडको बनाउने यस्तो खालको **पक्षपात पुर्ण** ढङ्गले बजेट विनियोजन किन गर्ने ? म अहिले पनि आग्रह गराउन चाहन्छु मोडेल बनाउने ठाउँमा त सब भन्दा बढी बजेट केन्द्रित गर्नुहोस् न ! सायद त्यो एउटा निर्वाचन क्षेत्रमा केन्द्रित मात्र हुँदैन त्यो ३६ वटै निर्वाचन क्षेत्रमा केन्द्रित हुन्छ यो विषयवस्तुलाई मध्यनजर राखेर नीति योजना कार्यक्रम भित्र राखेर चाहिँ किन आउँदैन आज मैले **क्वोइस्चन** गर्न चाहन्छु । यो मात्रै होइन हामी अधिकांश निर्वाचन क्षेत्रमा मलाई लाग्छ जुन **धेरै** बजेटहरू **विकेन्द्रित प्रकारका** छन् तर के लाई प्राथमिकता दिने हो के लाई चाहिँ ध्यान दिनुपर्ने हो त्यो विषयवस्तुलाई सरकारले अझ पनि त्यो ध्यान दिन नसकेको त्यो प्रकारको नजर पुऱ्याउन नसकेको मलाई अनुभूति हुन्छ । हामी आज मुख्य नाकाहरू जो प्रदेश गौरवका योजनाहरू भित्र केन्द्रित **गर्न** खोजिराखेका छौं मुख्य नाकाहरूलाई विशेष गरी बजेटलाई केन्द्रविन्दुमा राख्न खोजिराखेका छौं **ति** आज हराएका छौं ती आज दुब्लाएका छन् ती दुब्लाएकाहरूलाई तिनलाई मोटाउने कसरी बनाउने ? यो कुरालाई सरकारले ध्यान दिन जरुरी छ र कोरोना र अरू विकास कार्यक्रमहरूलाई सगै नराखियोस यसलाई छुट्टैछुट्टै बनाएर कोरोना विशेष एउटा अभियान जो एउटा विशेष **संक्रमणको** विशेष महामारीको र विपत्तिको विषय हो यसलाई महाविपत्तिको रूपमा निश्चित अवधिका लागि यसले एउटा कार्यक्रम बनाएर अगाडि **वढाऔ** अरू विकास कार्यक्रमहरूलाई **फरक** ढङ्गले बुझौं हार्दिक आभार व्यक्त गर्दै विदा हुन चाहन्छु धन्यवाद ! नमस्कार !

## माननीय सभामुख :-

माननीय सदस्यहरू अब यो बैठक २०७७ साल असार १६ गते दिनको १:०० सम्मको लागि स्थगित हुन्छ ।